का.जि.प्र.का.द.नं. १००/०५९/६०

१३ असोज २०८२

सोमबार

29 September 2025

Monday

नेपाल संवत् ११४५

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

वर्ष २३, अंक २३९ । पृष्ठ ८ Madhyanha National Daily www.madhyanhadaily.com







# पाँच भिआइपीको पासपोर्ट रोक्का

## निवर्तमान प्रधानमन्त्रीसमेत अनुसन्धानको दायरामा

नेपालको इतिहासमा पूर्वप्रधानमन्त्रीको पासपोर्ट रोक्का भएको पहिलो घटना भएको सरोकारवाला बताउँछन्



**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, १२ असोज

नेपाल सरकारले पूर्वप्रधानमन्त्री र पूर्वगृहमन्त्रीसहित पाँच जना भिआइपीको (राहदानी) पासपोर्ट रोक्का गरेको छ। गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनबाट सत्ता च्युत भएका एमाले अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र उनको मन्त्रिपरिषद्का गृहमन्त्री रमेश लेखकसहित पाँच जनालाई विदेश जान रोक लगाएको हो ।

राहदानी रोक्का हुनेहरूमा पूर्वगृह सचिव गोकर्णमणि दुवाडी, राष्ट्रिय अनुसन्धान विभागका पूर्वप्रमुख हुतराज थापा र पूर्वप्रमुख जिल्ला अधिकारी छविलाल रिजालसमेत छन् । गृह मन्त्रालयले उनीहरूलाई अनुमतिबिना काठमाडौं उपत्यकाबाहिर जानसमेत रोक लगाएको जनाएको छ । सरोकारवालाहरूले नेपालको इतिहासमा पूर्वप्रधानमन्त्रीको पासपोर्ट रोक्का भएको पहिलो घटना भएको बताउँछन् ।

जेनजी आन्दोलन दमनबारे जाँचबुझ गर्न गठित आयोगको सिफारिसमा उनीहरूको राहदानी रोक्का गरिएको सरकारका प्रवक्ता एवं सूचना सञ्चार तथा प्रविधिमन्त्री जगदीश खरेलले जानकारी दिए । गत घटनाका सन्दर्भमा नेताहरूलाई आवश्यक अनुसन्धान गर्न आवश्यक भएकाले पनि सरकारले राहदानी रोक्का गरेर उनीहरूलाई विदेश जानबाट रोकेको खरेलको भनाइ छ ।

युवाहरूको आक्रोश मथ्थर पार्न तत्कालीन सरकारले समयमै सजगता नअपनाएको आरोप खेप्दै आएको छ । भ्रष्टाचारविरोधी आन्दोलनमा प्रहरीले गोली चलाएपछि स्थिति नियन्त्रणबाहिर जाँदा पृष्ठ २ मा



आन्दोलन क्रममा भएका घटनाको निष्पक्ष छानबिन गर्न कुनै व्यक्ति केन्द्रितभन्दा पनि समग्र स्थितिको अध्ययन र मूल्यांकन गरेर अघि बढ्नुपर्छ, आन्दोलनमा भएका घुसपैठको समेत छानबिन आवश्यक छ ।

**विष्णुपन्थी**, विश्लेषक

# अल्पमतमा मधेश सरकार

## नयाँ गठबन्धन बनाउन सकस

नेपाली कांग्रेस र नेकपा एमालेलगायतका दलहरूले हालको सत्ता गठबन्धनलाई कायमै राख्दै कांग्रेसको नेतृत्वमा सरकार गठन गर्नेगरी प्रक्रिया अघि बढाए पनि निष्कर्षउन्मुख हुन सकेको छैन ।

**धर्मेन्द्रकुमार साह/मध्यान्ह**
रौतहट, १२ असोज

नेपाली कांग्रेसले सरकारलाई दिएको समर्थन फिर्ता लिएसँगै मधेश प्रदेश सरकार अल्पमतमा परेको छ । तथापि, नयाँ सरकार गठनको खाका बनिसकेको छैन ।

गत भदौ २३ र २४ को जेनजी आन्दोलनपछि उत्पन्न परिस्थितिमा नयाँ सरकार गठनको प्रयासमा राजनीतिक दलहरू छन् । नेपाली कांग्रेस र नेकपा एमालेलगायतका दलहरूले हालको सत्ता गठबन्धन कायमै राख्दै नेपाली कांग्रेसको नेतृत्वमा सरकार गठन गर्नेगरी प्रक्रिया अगाडि बढाए पनि निष्कर्षउन्मुख हुन सकेको छैन । सत्तागठबन्धनभित्रकै लोकतान्त्रिक समाजवादी पार्टीलगायतका दलहरूले मुख्यमन्त्री पाउनुपर्ने अडान कायम राखेका छन् ।

जेनजी आन्दोलन क्रममा ठुलो भौतिक क्षति बेहोरेको मधेश प्रदेशमा खरानी नझर्दै सुरु भएको सरकार गठनको रस्साकस्सीले प्रदेश सरकारको नियमित तथा विशेष कार्यहरू बाधित भएका हुन् ।

सत्तारुढ दल जनमत पार्टीका मधेश प्रदेश संसदीय दलका नेता महेश यादवले नेपाली कांग्रेसको नेतृत्वमा सरकार गठनका लागि सहमति भएको दाबी गरेका छन् । उनले नेकपा एमाले, नेपाली कांग्रेस, जनमत पार्टी तथा लोसपा नेपालको सहमतिमा कांग्रेसको नेतृत्वमा सरकार बन्ने सहमति भएको र एक दुई दिनमै सरकार गठनको प्रक्रिया सुरु हुने बताउँदै आएका नेता यादवले भन्ने प्रदेश प्रमुख नहुँदा प्रक्रिया लम्बिएको स्वीकार गरे । उनले अब दसैंपछि मात्रै प्रक्रिया अगाडि बढ्ने बताए ।

तर लोकतान्त्रिक समाजवादी पार्टीका मधेश प्रदेश संसदीय दलका नेता जैनुल राइनले कांग्रेस नेतृत्वमा सहमति नभएको दाबी पृष्ठ २ मा

### कांग्रेसभित्रै मतभेद

नयाँ सरकार बनाउने विषयमा कांग्रेसभित्रै मतभेद देखापरेको छ । कांग्रेसभित्रको संस्थापन पक्ष र संस्थापनइतर पक्षको मत मिलेको छैन ।

स्रोतका अनुसार नेपाली कांग्रेसभित्र रामसरोज यादवको नेतृत्वमा आठ जना सांसदहरूले एमालेसँगको गठबन्धन हुन नहुने तर्क गर्दै समर्थन गर्न नसक्ने अडान राखेका छन् । हालको परिस्थितिमा एमालेसँगको गठबन्धन पार्टीका लागि उपयुक्त नदेखिने भन्दै गठबन्धन फेर्नु आवश्यक रहेको उनीहरूको तर्क छ । लोसपा नेपाल पनि एमालेबाहेकको गठबन्धनको प्रयासमा छ ।

कांग्रेस संस्थापन पक्ष भन्ने पार्टी एक ढिका रहेको दाबी गरिरहेको छ । हाल मधेश प्रदेश सभामा नेकपा एमालेको २४, नेपाली कांग्रेसका २२, जनमतका १३ र लोसपाका आठ जना सांसद रहेको छन् । एमालेका एक जना सांसद प्रदेश सभामुख पृष्ठ २ मा

# एमालेको आपत्ति



नेकपा एमालेले सुशीला कार्की नेतृत्वको अन्तरिम सरकार राजनीतिक प्रतिशोधको बाटोमा हिँडेको निष्कर्ष निकालेको छ । आइतबार बसेको सचिवालय बैठकले अध्यक्ष केपी शर्मा ओलीसहित पाँच जनाको राहदानी रोक्का गर्ने सरकारको निर्णयप्रति आपत्ति जनाएको हो । 'यत्रो लामो समय इतिहास बनाएका राजनीतिक दललाई पन्छाएको मात्र होइन, निषेध गरेर जाने खालका क्रियाकलाप देखिए । मुख्य राजनीतिक दलहरूसँग संवाद, सम्पर्क, समन्वय देखिँदैन । यसमा हामी चिन्तित छौं,' उपमहासचिव प्रदीप ज्ञवालीले भने ।

गृह मन्त्रालयमार्फत मिडिया ट्रायल गराएर दसैंको मौका छोपी गरिएको राजनीतिक प्रतिशोधयुक्त कदमप्रति सचिवालय बैठकबाटै आपत्ति जनाएको उनले बताए । यसले जाँचबुझ आयोगको विश्वसनीयतामाथि प्रश्न चिह्न खडा गरेको ज्ञवालीको दाबी छ । यस्तै, भदौ २३ र २४ मा भएका विध्वंसकारी घटनामा संलग्न दोषीहरूमाथि कारबाही अघि नबढाउन गृह मन्त्रालयले दिएको निर्देशनमा पृष्ठ २ मा






**वैदेशिक रोजगार विशेष**

# ८० प्रतिशत रेमिट्यान्स दैनिक उपभोग, शिक्षा र स्वास्थ्यमा खर्च

**छवि सापकोटा/मध्यान्ह**
काठमाडौं, १२ असोज

नेपालमा बेरोजगारी उच्च हुँदा वैदेशिक रोजगार नै युवाको मुख्य विकल्प बनेको छ । मुलुकको अर्थतन्त्र विदेशमा श्रम गर्न पुगेका नेपालीले पठाउने रेमिट्यान्सले धानेको छ । विशेषगरी दशैं-तिहारजस्ता चाडपर्वका बेला वैदेशिक रोजगारीमा रहेका नेपालीले पठाउने रेमिट्यान्स झनै बढ्ने गरेको छ ।

दशैं सुरु भएसँगै रेमिट कम्पनीहरू रेमिट्यान्स कारोबार दोब्बरभन्दा बढी हुने गरेको बताउँछन् । नेपालबाट वैदेशिक रोजगारी तथा अध्ययनका लागि जाने नेपालीहरूले समेत चाडपर्वमा आफूले कमाएको पैसा घर खर्च र पर्व मनाउन पठाउने हुँदा प्रत्येक वर्षको दशैं, तिहार, छठ पर्वमा रेमिट्यान्सको कारोबार बढी हुने गरेको छ । यतिबेला नेपाल आउने रेमिट्यान्स आधाभन्दा धेरै दैनिक उपभोगमै सकिने गरेको छ ।

विदेशमा रहेका नेपालीले पठाएको रेमिट्यान्स दैनिक उपभोगसँगै चाडपर्वका बेला अर्थतन्त्र चलायमान गराउने अर्थशास्त्री डा. चन्द्रमणि अधिकारी बताउँछन् । 'नेपालका युवा जनशक्ति अहिले विदेशमा छन् तर घरमा आफ्नाका लागि चाडपर्वमा खर्च गर्न पैसा पठाउने गरेका छन् ।' उनले भने, 'आफू आउन नपाए पनि परिवारले पर्वलाई रमाइलो गरी मनाउन भनेर यसबेला धेरैले पैसा पठाउँदा रेमिट्यान्स बढेको हो ।'

मुलुकमा वार्षिक संकलन हुने कर राजस्वभन्दा विदेशबाट आउने रेमिट्यान्स बढी छ । पछिल्लो ६ वर्षमा रेमिट्यान्समार्फत ७२ खर्ब रुपैयाँ नेपाल भित्रिसकेको छ । एक दशकअघि आर्थिक वर्ष २०७१/७२ मा ६ खर्ब २५ अर्ब रुपैयाँ रेमिट्यान्स नेपाल आएको थियो भने गत वर्ष २०८१/८२ मा १७ खर्ब २३ अर्ब रुपैयाँ रेमिट्यान्स आएको छ । यस्तै, आर्थिक वर्ष २०८२/८३ को पहिलो महिना साउन एक महिनामा १ खर्ब ७७ अर्ब रुपैयाँ रेमिट्यान्स आएको नेपाल राष्ट्र बैंकले जनाएको छ । यो गत वर्षको तुलनामा २९ प्रतिशतको पृष्ठ २ मा

### केमा खर्च हुन्छ रेमिट्यान्स ?

- *रेमिट्यान्स आउने घर : ७६ दशमलव ८ प्रतिशत*
- *दैनिक उपभोगमा ५८ दशमलव ७८ प्रतिशत*
- *शिक्षा र स्वास्थ्यमा २२ दशमलव ४८ प्रतिशत*
- *ऋण तिर्न १० दशमलव शून्य ७ प्रतिशत*
- *अन्य विविधि कार्यका लागि ८ प्रतिशत*
- *बचत : ३ प्रतिशत*

नेपाली आयस्रोतको प्रमुख हिस्सा रेमिट्यान्स बन्दै गएको छ । रेमिट्यान्स बढ्दै जाँदा नेपालीको साधारण जीवनशैलीमा परिर्वतन आएको छ । अहिले वार्षिक रूपमा रेमिट्यान्स बढी रहेको भएपछि बचतभन्दा उपभोगमै धेरै खर्च हुने गरेको छ । विदेशबाट आएको रेमिट्यान्स उत्पादनभन्दा उपभोगमा जाँदा सदुपयोग कम भएको देखिन्छ । यस्तै रेमिट्यान्सले नेपालको गरिबी दर घटाउन, साक्षरता दर बढाउन र परिवारको आधारभूत आवश्यकता पूरा गर्न काममा पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
१३ असोज २०८२ सोमबार
29 September 2025 Monday

# राष्ट्रपति र प्रधानमन्त्रीसँग वार्ता गर्न जेनजी वार्ता टोली घोषणा



**काठमाडौं / मस**– जेनजी आन्दोलनका केही युवा प्रतिनिधिहरूले सरकारसँग औपचारिक संवाद अघि बढाउन वार्ता टोली घोषणा गरेका छन् । आइतबार राजधानीमा आयोजित पत्रकार सम्मेलनमार्फत उनीहरूले राष्ट्रपति रामचन्द्र पौडेल, प्रधानमन्त्री सुशीला कार्की लगायत सरकारका प्रतिनिधिसँग वार्ता गरी आफ्ना माग सम्बोधन गराउने उद्देश्यले वार्ता टोली गठन गरिएको जानकारी दिए ।

घोषित १२ सदस्यीय वार्ता टोलीमा पुरुषोतम यादव, मिराज ढुंगाना, प्रवेश दाहाल, बब्लू गुप्ता, किशोरी कार्की, टिकाराम लिम्बू, योग्यता भण्डारी, जेम्स कार्की, काशी महम्मद मियार, अर्पित कुमार, दिपकजंग अधिकारी र अभिशेक श्रेष्ठ रहेका छन्। साथै, सहिद तथा घाइते परिवारबाट थप ३ जनालाई समावेश गर्ने तयारी भइरहेको टोलीका सदस्य प्रवेश दाहालले जानकारी दिए ।

दाहालले भने, 'यो विषय परिस्थितिलाई ध्यानमा राखेर आज हामीले आधिकारिक वार्ता टोली १२ सदस्यीय फिक्स भइसकेको छ । अब ४ जना शहीद परिवार र घाइते परिवारबाट लिएर नाम घोषणा गर्छौं । अहिलेको परिस्थितिलाई न्याय गर्न र राष्ट्रपतिसँग वार्ता गर्न भनेर यो टोली गठन गरेका हौं। वार्ता टोलीले राष्ट्रपतिसँग सम्झौता गर्नेछ। जसरी भएपनि वार्ता गर्नुपर्ने र आन्दोलनको वास्तविकता बुझाउनुपर्ने भएकाले हामी यसरी अघि बढिरहेका छौँ ।'

उनले आन्दोलन कुनै राजनीतिक दल वा व्यक्ति विशेषबाट परिचालित नभइ केवल जेनजी पुस्ताको एकता र सहकार्यको आधारमा अघि बढिरहेको स्पष्ट पारे । 'हामी जेनजीहरू एक छौं, एकजुट भएर अघि बढ्छौं । हिजो मात्रै हामीले भेटघाट गरेर संवादमार्फत निष्कर्षमा पुगिसकेका छौं । सुदन गुरुङसँग पनि सल्लाह गरेर अघि बढिरहेका छौं,' दाहालले थपे ।

पत्रकार सम्मेलनमा सहभागी टोलीका सदस्यहरूले आन्दोलनका क्रममा शहीद र घाइते परिवारलाई सम्मानका साथ सम्झनुपर्नेमा जोड दिए । साथै, आन्दोलनकारीहरूको सुरक्षा सुनिश्चित गर्न सरकारसँग माग राख्दै मुलुकलाई प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीको व्यवस्था गर्नुपर्ने लगायतका माग पनि सार्वजनिक गरे ।

कार्यक्रममा टोलीका सदस्यहरूले वार्तामार्फत राष्ट्रपतिलाई आन्दोलनको वास्तविकता बुझाउन, सहमति खोज्न र माग सम्बोधनका लागि सरकारलाई दबाब दिने बताएका थिए ।

# 'जेनजी' प्रदर्शनका घाइतेको वर्गीकरणका लागि प्राविधिक समिति गठन गरिने



**काठमाडौं / मस**– सरकारले 'जेनजी' प्रदर्शनका क्रममा घाइते भएकाहरूको वर्गीकरण गर्न प्राविधिक समिति गठन गरी तत्काल काम अगाडि बढाउने भएको छ । सिंहदरबारमा आइतबार बसेको मन्त्रिपरिषद् बैठकले प्राविधिक समितिको वर्गीकरणपश्चात् त्यस आधारमा घाइतेलाई उचित राहतको व्यवस्था गर्ने निर्णय गरेको सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले जानकारी दिए ।

बैठकले गत भदौ २३ र २४ गतेको प्रदर्शनमा घाइते भएका व्यक्तिको पहिचान एवं सहज र प्रभावकारी उपचारको व्यवस्थाका लागि गृह मन्त्रालयमार्फत परिचयपत्रको व्यवस्था गर्ने, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले घाइतेको पुनःउपचार (फलो अप) का लागि अस्पताल तोक्ने र ती अस्पतालमा 'जेनजी क्लिनिक' सञ्चालन गर्ने निर्णय गरेको छ। पुनःउपचारमा जाने घाइतेलाई निःशुल्क आवतजावत तथा घाइतेको उपचारमा सहजीकरण गर्न स्वास्थ्य मन्त्रालयले हटलाइनको व्यवस्था र सम्पर्क व्यक्ति तोक्ने निर्णयसमेत गरिएको प्रवक्ता खरेलले जानकारी दिए ।

मन्त्रिपरिषद्ले मुग्लिन-पोखरा सडकअन्तर्गत चितवनको मुग्लिनदेखि तनहुँको आँबुखैरेनीसम्म हालको राजमार्गको समानान्तर मुग्लिन बजार पारी गोरखातर्फदेखि मर्स्याङ्दी विद्युत् गृहको विपरित गोरखा तर्फसम्म थप सडकको रेखांकन स्वीकृत गरेको छ । उक्त सडकको केन्द्र रेखाबाट दायाँबायाँ १५/१५ मिटर गरी ३० मिटर सडकको मापदण्ड स्वीकृत गर्ने निर्णय भएको छ ।

बैठकले आगामी कात्तिक १० देखि १३ गतेसम्म भारतको नयाँ दिल्लीमा आयोजना हुने अन्तरराष्ट्रिय सौर्य गठबन्धन (आइएसए)को आठौं बैठकमा सहभागिताका लागि ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री कुलमान घिसिङलाई स्वीकृति दिएको छ। यसैगरी प्रधानमन्त्रीको मुख्य सल्लाहकारमा अजयभद्र खनाल र जनसम्पर्क सल्लाहकारमा गोविन्दनारायण तिमल्सिनालाई नियुक्त गर्ने निर्णयसमेत गरिएको मन्त्री खरेलले बताए ।

# चार डिआइजीको बढुवा सिफारिस



**काठमाडौं / मस**–गृह मन्त्रालयअन्तर्गतको बढुवा समितिले नेपाल प्रहरीको जनपद समूहतर्फ रिक्त रहेको प्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी) पदमा चार जना प्रहरी नायव महानिरीक्षक (डीआईजी) लाई बढुवाका लागि सिफारिस गरेको छ ।

बढुवा समितिको सचिवालयले आइतबार सूचना प्रकाशित गर्दै रिक्त रहेका चार एआईजी पदमा बढुवाका लागि चार डीआईजीहरूको नाम सिफारिस गरिएको जानकारी दिएको हो । जसअनुसार सुशीलकुमार राठौर, उमाप्रसाद चतुर्वेदी, हिमालयकुमार श्रेष्ठ र डम्बर कुमार विक रहेका छन् ।

# पर्व बिदामा पनि आयोगका कार्यालय खुला रहने




**काठमाडौं / मस**–राष्ट्रिय मानव अधिकार आयोग दशैं बिदामा पनि बिहान ११ बजेदेखि दिउँसो २ बजेसम्म खुला रहने भएको छ । आयोगका प्रवक्ता डा टीकाराम पोखरेलले आज जारी गरेको प्रेस विज्ञप्तिमा आयोगको केन्द्रीय कार्यालय, हरिहरभवन, ललितपुर तथा प्रदेश तथा प्रदेश शाखा कार्यालय दशैं बिदामा खुला रहने बताए ।

विज्ञप्तिमा भनिएको छ, 'दशैं, दिपावली तथा छठ पर्वको बिदाका दिनमा पनि खुला रहनेछन्, मानव अधिकारको उल्लंघनका घटनाको उजुरी लिन र आकस्मिक प्रकृतिका घटनामा अनुगमन गर्नका लागि राष्ट्रिय मानव अधिकार आयोगको केन्द्रीय कार्यालय, हरिहरभवन, ललितपुर तथा प्रदेश तथा प्रदेश शाखा कार्यालय बिदाका दिनमा खुला रहने व्यवस्था गरिएको हो ।'

आयोगले मानव अधिकार उल्लंघनका कुनै घटना घटेमा आयोगका नजिकका कार्यालयमा तत्काल जानकारी गराउन आयोग सबैमा अनुरोध गरेको छ ।

सार्वजनिक बिदा तथा चाडपर्वका समयमा सर्वसाधारणको आवतजावतमा कठिनाइ उत्पन्न हुने, अपराधका घटनामा वृद्धि हुने, महँगी तथा कालोबजारी बढ्ने, सार्वजनिक सेवा प्रवाह र सहज आपूर्तिमा अवरोध सिर्जना गर्न आयोगले भनेको छ ।

'चाडपर्वको समयमा सेवाप्रवाहलाई चुस्तदुरुस्त बनाउन र शान्तिसुरक्षाको अवस्थालाई मजबुत बनाउन आयोग सरकारलाई निर्देशन गर्दछ', आयोगले भनेको छ, 'साथै, सेवा प्रवाहलाई चुस्त बनाउने र शान्ति सुरक्षालाई मजबुत बनाउने सरकारको कार्यमा सहयोग गर्न आयोग सम्बद्ध सबै पक्षलाई आग्रह गर्दछ ।'

# भैरव अर्यालको योगदानको स्मरण



**काठमाडौं / मस**– स्रष्टाहरूले नेपाली साहित्य र पत्रकारितामा भैरव अर्यालले पुऱ्याएको विशिष्ट योगदानलाई राज्यले अझैसम्म उचित कदर गर्न नसकेको बताएका छन् ।

राजधानीमा कल्पतरु प्रज्ञा प्रतिष्ठान तथा कल्पतरु द्वैमासिकद्वारा आयोजित कार्यक्रममा वक्ताहरूले छोटो जीवन यात्रा बिताएका अर्यालले साहित्य तथा पत्रकारितामा छोडेको योगदान अतुलनीय रहेको उल्लेख गरे ।

कार्यक्रममा भनियो, हास्यव्यंग्य विधामा भैरव अर्यालले ल्याएको मौलिकता नेपाली साहित्यमा अमूल्य सम्पदा बनेको छ, भने कविता र अन्य विधामा पनि उनको लेखन शक्ति सशक्त र समयसापेक्ष थियो ।

सामाजिक तथा राजनीतिक विसंगति र विकृतिविरुद्ध उनले दशकौंअघि लेखेका व्यंग्यात्मक लेखहरू अहिले पनि उत्तिकै प्रासंगिक रहेको वक्ताहरूको ठहर थियो । अर्यालका कृतिहरू अन्तर्राष्ट्रिय स्तरमा समेत अध्ययनयोग्य भएकाले त्यसलाई उल्था गरी विश्व साहित्यको पहुँचमा पुऱ्याउनुपर्ने आवश्यकता रहेको उनीहरूको जोड थियो ।

कार्यक्रममा वरिष्ठ साहित्यकार गोविन्दप्रसाद घिमिरे 'वेदमणि', कल्पतरु प्रज्ञा प्रतिष्ठानका अध्यक्ष तथा कल्पतरु द्वैमासिकका प्रधान सम्पादक नवराज पुडासैनी 'ज्योत्सना', साहित्यकार बद्री अर्याल, वसन्त रिजाल, विमल अर्याल, डा.सुवास प्याकुरेल, निर्मल अर्याल, राजन पुडासैनीलगायतका वक्ताहरूले भैरव अर्यालको साहित्यिक योगदानलाई विभिन्न कोणबाट स्मरण र समीक्षा गरेका थिए ।

# सप्तरी सेवा समाज कतारमा नयाँ नेतृत्व




**तिलु शर्मा पौडेल / मध्यान्ह**
दोहा कतार, १२ असोज

सप्तरी सेवा समाज कतारको प्रथम अधिवेशन सम्पन्न भएको छ । कतारको राजधानी मुन्तजास्थित गोर्खाली रेस्टुरेन्टमा सम्पन्न अधिवेशनमार्फत मोहमद अन्वारुल हकको अध्यक्षतामा नयाँ कार्यसमिति सर्वसम्मत चयन भएको छ ।

कार्यसमितिका उपाध्यक्षहरूमा मोहम्मद मिस्टर, अब्दुल्लाह अन्सारी, नौसाद राइन, महासचिव मोहम्मद शईद, सचिवहरू क्रमशः ज्ञानेन्द्र चौधरी, मोहमद नजम राईन, मोहमद गुलाम र सुल, मोहमद नौमान रहेका छन् ।

त्यस्तै कोषाध्यक्षद्धय मोहम्मद सद्दाम हुसेन र मुमताज आलम, मिडिया संयोजकमा मोहम्मद इसाराऊल मिया, शमशाद सिद्धिकी चयन भएका छन् ।

कार्यसमिति सदस्यहरूमा सुलेमान मिया, मोहम्मद मजेबुल, मोहम्मद अन्झारुल हक, छेदी लाल राम, मोहम्मद अताउरहमान, मोहम्मद तारिक अजिज, मोहम्मद रोजीत, मोहम्मद फिरोज रहेका छन् ।

कतारस्थित विभिन्न सङ्घ-संस्थाका प्रतिनिधिहरू, समाजसेवी तथा प्रवासी नेपालीहरूको उल्लेख्य उपस्थिति रहेको अधिवेशन गैरआवासीय नेपाली सङ्घ राष्ट्रिय समन्वय परिषद् कतारका अध्यक्ष कृष्ण पन्थीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको हो । कार्यक्रमको समुद्घाटन कुरानको पठनबाट भएको थियो । अधिवेशनमा शुभकामना राख्ने वक्ताहरूले समाजको संस्थागत विकास, आपसी सहयोग र प्रवासी नेपालीबिचको सम्बन्ध सुदृढीकरणका लागि यो अधिवेशन महत्त्वपूर्ण हुने विश्वास व्यक्त गरे।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि पन्थीले कान्छो संस्थाका रूपमा थपिएको सप्तरी समाजसँग सहकार्य गर्ने र समाजले नयाँ र सकारात्मक काम गर्ने विश्वास व्यक्त गरे। उनले आगामी दिनमा कतारमा रहेका नेपालीहरूको समस्या समाधान, सामाजिक तथा सांस्कृतिक कार्यक्रम सञ्चालन र सहयोगी भावना अभिवृद्धि गर्नुपर्नेमा विशेष जोड दिए ।

अधिबेशन मार्फत प्रमुख अतिथीलाई दोसल्ला ओढाएर सम्मान गरिएको थियो भने एनसिसिका पुर्ण कार्यसमितिलाई सम्मान गरीएको थियो ।

---

### पाँच...

आन्दोलनकै रापले कांग्रेसको मुख्य सहयोगमा बनेको ओली सरकार अपदस्त भएको थियो । सो घटनामा ठुलो मानवीय क्षतिसँगै सिंहदरबार, सर्वोच्च अदालत, राष्ट्रपति कार्यालयसहित देशका सबै सरकारी निकाय आन्दोलनकारीले जलाएर खरानी बनेका छन् । साथै सबै दलका नेता भागाभाग भएका थिए भने सयभन्दा बढी नेताका घर ध्वस्त भएका छन् । आन्दोलनकारीले सत्ताबाट फालेका नेताहरू अझै सहज सार्वजनिक हुन सकेका छैनन् । कांग्रेस, एमाले र माओवादीप्रति नागरिकको वितृष्णा बढ्दै जाँदा उकुसमुकुस युवाहरूले दुई दिनमै सत्ता कब्जा गरेर राजनीतिक इतिहासमा नौलो सन्देश दिएका छन् । जेनजी आन्दोलनबाट विस्थापित राजनीतिक दल र नेताहरू विस्तारै आफ्ना नियमित राजनीतिक गतिविधिमा निस्कन थालेका छन्। यद्यपि पुराना दलका पुराना नेताहरूका लागि यो आन्दोलन निकै प्रतिकूल मानिएको छ। नेपाली कांग्रेस, एमाले र माओवादीभित्र नेतृत्वको विषयमा आन्तरिक असमझदारी बढ्दै गएको छ। जेनजी आन्दोलनले शीर्ष नेताहरूमा विस्थापित गर्ने सन्देश दिए पनि पार्टीलाई अझै आफ्नै कब्जामा राख्न सकिन्छ कि भन्ने ध्याउन्नमा पार्टी नेतृत्व लागेको देखिन्छ। तर युवा नेताहरूले भने वर्तमान पार्टी नेतृत्व शेरबहादुर देउवा, केपी ओली र प्रचण्डलाई स्वीकार गर्न सक्ने अवस्था नरहेको राजनीतिक विश्लेषकहरूले बताएका छन् ।

भदौ २३ र २४ को आन्दोलनको छानबिन गर्न गठित जाँचबुझ आयोगले उनीहरूको विदेश यात्रामा रोक लगाएको आयोगका सदस्य विज्ञानराज शर्माले बताए । उनीहरूले उपत्यकाबाहिर जान पनि आयोगको अनिवार्य अनुमति लिनुपर्ने शर्माको भनाइ छ। आयोगले आइतबार जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'निजहरूलाई अनुसन्धानका लागि कुनै पनि समयमा आयोगमा उपस्थित हुनुपर्ने हुँदा विदेश भ्रमण रोक लगाउन आवश्यक देखिएको छ।'

सरकारले पाँच भिआइपीको पासपोर्ट रोक्काका सन्दर्भमा विश्लेषक विष्णु पन्थीले सरकारले गत २३ गतेको घटनाका सन्दर्भमा व्यक्ति केन्द्रितभन्दा पनि समग्र स्थिति मूल्यांकन गरेर कार्की आयोगले आवश्यक कदम चाल्नुपर्ने बताए । उनले मध्यान्हसँग भने, 'प्रधानमन्त्रीले बोलेका दुईवटा विषय भ्रष्टाचारको अन्त्य र सुशासनको प्रत्याभूति दिने कुरामा सरकार गम्भीर हुनुपर्छ । आन्दोलनका क्रममा भएका घटनाको निष्पक्ष छानबिन गर्न कुनै व्यक्ति केन्द्रितभन्दा पनि समग्र स्थितिको अध्ययन र मूल्यांकन गरेर आयोग अघि बढ्नुपर्छ । आन्दोलनमा भएका घुसपैठको समेत छानबिन आवश्यक छ ।' जेनजी आन्दोलनमा प्रहरीले घातक हतियार प्रयोग गर्दा १९ जनाको मृत्यु भएको थियो । प्रधानमन्त्री ओलीले आफूले प्रहरीलाई गोली चलाउन निर्देशन नदिएको दाबी गरेका थिए । तर गृह मन्त्रालयले त्यतिबेला 'जसरी पनि भीडलाई संघीय संसद् भवनतिर जान रोक्नू' भन्ने निर्देशन दिएको थियो । त्यसपछि काठमाडौंका प्रमुख जिल्ला अधिकारी छवि रिजालले गोली चलाउन आदेश दिएका थिए । सोही आदेशअनुसार आन्दोलनकारीमाथि गोली चलाउँदा १९ जना विद्यार्थी बालबालिकाको मृत्यु भएको थियो भने सयौं घाइते भएका थिए । सो घटनाका घाइतेको उपचार क्रममा मृत्यु हुँदै जाँदा हालसम्म ७५ जना पुगेका छन् ।

जेनजी आन्दोलनले राजनीतिक दलको सरकार अपदस्थ गरेसँगै नागरिक सरकार गठन भएको छ । ६ महिनाका लागि पूर्वप्रधानन्यायाधीश सुशीला कार्की नेतृत्वमा गठन भएको अन्तरिम सरकारको मुख्य काम चुनाव गराउनु हो । फागुन २१ मा प्रतिनिधिसभाको निर्वाचन गर्ने मिति तय गरेर अघि बढेको सरकारले अन्यत्र अल्झिँदा समयमै निर्वाचन नहुने हो कि भन्ने विश्लेषकहरूले शंका व्यक्त गर्न थालेका छन् ।

### एमालेको...

पनि एमालेले असन्तुष्टि जनाएको छ । यसबाट प्रहरीको कानुनसम्मत क्षेत्राधिकारमा हस्तक्षेप भएको र प्रहरीले निर्बाध काम गर्ने वातावरण बिग्रिएको एमालेको ठहर छ । एमालेले समसामयिक विषयवस्तुमाथि छलफल गर्न केन्द्रीय समिति बैठक डाक्ने निर्णय गरेको छ । केन्द्रीय समितिको बैठक असोज २७ गतेदेखि २९ गतेसम्म बस्ने उनले जानकारी दिए ।

### अल्पमतमा...

गर्छन् । उनले नेपाली कांग्रेस, नेकपा एमाले र जनमत पार्टीबीच लिखित रूपमै कांग्रेस नेतृत्वमा जाने सहमति भएको आफूले सुनेको बताउँदै लोसपा नेपालले सरकारको नेतृत्व पाउनुपर्ने अडान नछोडेको बताए । 'म बाहिर थिएँ । तीन दलबीच कांग्रेस नेतृत्वमा जाने सहमति भएको सुनेको छु । मैले व्यक्तिगत रूपमा संवाद पनि गरेको छु। मैले लोसपाको अडानबारे अवगत गराएको छु,' उनले बताए ।

उनले लोसपाभित्र यसबारे छलफल हुने र नेतृत्वले दिने निर्देशनअनुसार अगाडि बढ्ने बताए ।

लोसपा नेपालका वरिष्ठ नेता जितेन्द्र सोनलले भने अहिले सरकार गठनको प्रक्रिया नै अगाडि बढ्न नसक्ने बताए । 'मुख्यमन्त्रीले राजिनामा दिनुभएको छैन, सत्ता गठबन्धनका दलहरूले समर्थन फिर्ता लिँदा सदनमा विश्वासको मत साबित गर्न बाँकी छ । मुख्यमन्त्रीले राजीनामा नदिए संसद् फेस गर्नुहुन्छ। नयाँ सरकार गठनका लागि प्रदेश प्रमुखबाट आह्वानपछि मात्रै प्रक्रिया सुरु हुन्छ,' उनले भने ।

नेकपा एमालेका केन्द्रीय सदस्य अजय गुप्ताले पनि कांग्रेसको नेतृत्वमा सरकार बनाउने सहमति भएको स्वीकार गरे ।

### कांग्रेसभित्रै...

भएकाले सो पार्टीको सांसद संख्या २३ छ । यसरी नेपाली कांग्रेसभित्र देखिएको मतभेद र लोसपाको अडान कायमै रहेकाले नयाँ सरकार गठनमा विलम्ब भएको हो ।

जेनजी आन्दोलन उत्कर्षमा रहेका बेला भदौ २४ गते मधेश प्रदेशका मुख्यमन्त्री सतिसकुमार सिंहले सामाजिक सञ्जाल फेसबुकमार्फत राजीनामा दिएका थिए ।

तर पछि उनले आफूले सामाजिक सञ्जालमार्फत दिएको राजीनामा आधिकारिक नरहेको भन्दै राजीनामा दिन मानेका थिएनन् । मुख्यमन्त्री सिंहले राजीनामा नदिएपछि जनमत पार्टीले भदौ २८ गते आफ्नै नेतृत्वको सरकारलाई दिएको समर्थन फिर्ता लिँदै मुख्यमन्त्रीमाथि कारबाही प्रक्रिया अगाडि बढाएको छ । यसपछि नेपाली कांग्रेसले समेत समर्थन फिर्ता लिएको हो । तर अझैसम्म नयाँ सरकार गठनको गृहकार्यले मूर्तरूप लिन सकेको छैन ।

### ८० प्रतिशत...

वृद्धि हो । नेपालबाट श्रमका लागि विदेश जाने नेपालीको बढ्नुका साथै डलरको मूल्यसमेत बढेको भएर रेमिट्यान्स रकम बढेको हो । रेमिट्यान्सले मुख्यतः नेपाली परिवारका शिक्षा, स्वास्थ्य, दैनिक आवश्यकता पूर्ति गर्नमा धेरै ठुलो हिस्सा खर्च भइरहेको देखिन्छ ।

### केमा...

मात्र खर्च भएको छ । अब सरकारले रेमिट्यान्सलाई सदुपयोग गर्न जलविद्युत् आयोजना, पर्यटन तथा सेयर बजारमा समेत लगानी गर्नेगरी नीति ल्याउने हो भने नेपाल भित्रिएको पैसाले आम्दानी गर्ने वातावरण बनाउन सक्छ ।

**साउदीमा रोजगार**

कम्पनी : AWADH ESSA A AL SALEH — शहरः DAMMAM
पूर्व स्वीकृत मितिः २०८२/०६/१० — चलानी नं.: ६०२४५५१५ — LT. No.: 331740

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Drivers | 1 | 0 | स. काममा दक्ष | 1800 | ३७,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL ANOUD SAQR MOHSEN AL MUTAIRIE COMPANY — शहरः DAMMAM
पूर्व स्वीकृत मितिः २०८२/०६/१० — चलानी नं.: ६०२४५५१६ — LT. No.: 331741

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading & Offloading Labour | 5 | 0 | स. काममा दक्ष | 1000 | ३७,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ARABIAN GULF CONSTRUCTION COMPANY FOR TRADING AND CONTRACTING — शहरः SAUDI ARABIA
पूर्व स्वीकृत मितिः २०८२/०६/१० — चलानी नं.: ६०२४५५१७ — LT. No.: 331742

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker /labour | 20 | 0 | स. काममा दक्ष | 1000 | ३७,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८२ असोज २० गते (6 October 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**न्यू वर्ल्ड ओभरसिज सर्भिस प्रा.लि.**
चाकुपाट, ललितपुर, नेपाल, फोन : ५२६८२२४
Mobile: 9847275969, 9851008664, 9851071822, 9863775437, 9851190207, 9801232406, Ithari Contact No: 9852049211
श्रम इजाजत पत्र नं. ११३/०५५/०५६



काठमाडौं कलंकी खसी बजारमा बिक्रीका लागि राखिएका खसी । जिउँदो खसी प्रतिकेजी ६ सय ७० देखि ७ सय ३० रुपैयाँसम्म छ । तस्बिर : रासस

# चाडपर्वका अवसरमा सावधानी अपनाउन एआइजी कार्कीको आग्रह



**काठमाडौं / मस–** काठमाडौं उपत्यका प्रहरी प्रमुख एवं प्रहरी अतिरिक्त महानिरीक्षक (एआइजी) दानबहादुर कार्कीले चाडपर्वको समयमा सर्वसाधारणलाई उच्च सावधानी अपनाउन आग्रह गरेका छन् । काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालय र काठमाडौं उपत्यका प्रहरी कार्यालयले संयुक्त रूपमा आइतबार आयोजना गरेको 'ट्राफिक वाक' तथा सुरक्षा सचेतना कार्यक्रममा बोल्दै उनले चाडपर्वको उमंगमा मादक पदार्थ सेवन गरी सवारी साधन चलाउने प्रवृत्ति बढ्दो क्रममा रहेको र यसले अकालमा ज्यान गुमाउने घटनाहरू वृद्धि गरेको भन्दै गहिरो चिन्ता व्यक्त गरे ।

एआइजी कार्कीले भने, 'चाडपर्व सुरु हुने बित्तिकै मादक पदार्थ सेवन गर्ने प्रवृत्ति सामान्यजस्तै बनेको छ । तर, मादक पदार्थ सेवन गरी सवारी चलाउँदा दुर्घटना भई अकाल मृत्यु हुने क्रम बढ्दो छ, जुन अत्यन्त चिन्ताजनक अवस्था हो। मनोरञ्जनको पर्यायका रूपमा मादक पदार्थलाई लिनु कदापि उचित होइन ।'

उनले सबै सवारी चालक, यात्रु तथा सर्वसाधारणलाई चाडपर्वको अवसरमा सचेत रहन, ट्राफिक नियमको पालना गर्न र सुरक्षामा खटिएका प्रहरीलाई सहयोग गर्न अपिल गरे । उनले थपे,'सडकमा ट्राफिक प्रहरी तपाईंहरूलाई दुःख दिन होइन, सुरक्षा दिन खटिएका हुन्छन् । नागरिकको कर्तव्य भनेकै नियम पालना गर्नु र नेपाल प्रहरीलाई सहयोग गर्नु हो ।'

एआइजी कार्कीले नागरिकको व्यवहार र अभ्यासले आगामी पुस्तामा सकारात्मक असर पार्ने भएकाले प्रत्येक नागरिकले ट्राफिक सुरक्षालाई आत्मसात् गर्नुपर्ने आवश्यकता औंल्याए ।

यसै क्रममा, काठमाडौं उपत्यका ट्राफिक प्रहरी प्रमुख एवं वरिष्ठ प्रहरी उपरीक्षक (एसएसपी) नवराज अधिकारीले चाडपर्वका बेला मादक पदार्थ र लागुऔषध सेवनका कारण हुने दुर्घटनाबारे सचेत गराउँदै यस्तो लापरवाहीले नागरिकको ज्यान जोखिममा पार्ने बताए । उनले भने, 'हामी नागरिकको ज्यान र सुरक्षाका लागि खटिएका हौँ । कृपया चाडपर्वमा मादक पदार्थ सेवन गरेर गाडी नचलाउनुहोस्, ताकि कसैको ज्यान जान नपरोस्, कसैको घरमा चाडपर्वको खुसी शोकमा नबदलियोस् ।'

कार्यक्रममा प्रहरी नायब महानिरीक्षक ओमबहादुर राना र ट्राफिक सचेतना अभियन्ता डा.ओममूर्ति अनिलले पनि चाडपर्वमा सुरक्षित र जिम्मेवार भई सवारी सञ्चालन गर्नुपर्नेमा जोड दिए ।

ट्राफिक प्रहरी, जनपद प्रहरी र महानगर प्रहरीले 'सडक सुरक्षा हाम्रो जिम्मेवारी', 'मदिरा सेवनपछि सवारी नगर्नुहोस्', 'ट्राफिक नियमको पालना गरौँ' भन्ने जनचेतनामूलक सन्देशसहित प्लेकार्ड बोकेर सडकमा ट्राफिक वाक गरे ।

सचेतनात्मक ट्राफिक ¥याली रानीपोखरी परिसरबाट सुरु भई विभिन्न स्थान परिक्रमा गर्दै काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालय (रामशाहपथ) परिसरमा पुगेर समापन गरिएको थियो ।

# टोल–टोलमै पुगेर सामाजिक भत्ता वितरण

**तनहुँ / मस–** तनहुँको आँबुखैरेनी गाउँपालिकाले ज्येष्ठ नागरिकलाई टोलमै पुगेर सामाजिक सुरक्षा भत्ता वितरण गरेको छ । दसैंलाई लक्षित गरी गाउँपालिकाले प्रत्येक वडाका टोलमा पुगेर भत्ता वितरण गरेको हो ।

ज्येष्ठ नागरिकलाई सहज रुपमा भत्ता उपलब्ध गराउने उद्देश्यसहित गाउँपालिकाले वडाामा पुगेर सामाजिक सुरक्षा भत्ता उपलब्ध गराएको प्रमुख प्रशासकीय अधिकृत चन्द्रकान्त तिमिल्सिनाले जानकारी दिए ।

पालिकाले चालु आर्थिक वर्षको प्रथम त्रैमासिक सामाजिक सुरक्षा भत्ता प्रत्येक वडाको विभिन्न ठाउँमा पुगेर वितरण गरेको उनले बताए । ज्येष्ठ नागरिकलाई बजारसम्म झरेर बैंकमा लाइन बसेर भत्ता लिन असहज हुने भएकाले पालिकाले घरटोलबाट वितरण गर्ने अभियानलाई निरन्तरता दिएको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले उल्लेख गरे ।

उनले भने, 'हामी जनताको सेवाका लागि आएका हौं । जसरी सहज हुन्छ त्यसरी नै सेवामा समर्पित हुने प्रयास गर्दै छौं ।' ज्येष्ठ नागरिकलाई झन्झटरहित सेवा दिन टोलमा पुगेर भत्ता वितरण गरिएपछि उहाँहरू खुसी भएका उनको भनाइ छ ।

उनले भने, 'घरदैलोमा नै पुगेर भत्ता वितरण गर्दा ज्येष्ठ नागरिकको अनुहारमा खुसी देख्दा हामीलाई आनन्द आउँछ ।' गाउँपालिकाले सबै वडाका टोलमा पुगेर सामाजिक सुरक्षा भत्ता वितरण गरिसकेको छ । अन्तिम दिन शुक्रबार आँबुखैरेनी गाउँपालिका-२ को अदुवाखर्क, घोक्रिङ खर्क, सहकारी टोलमा भत्ता वितरण गरिएको छ । त्यस्तै आँबुखैरेनी गाउँपालिका-३ स्थित आँबुगाउँ, कोटगाउँ, धारापानीमा भत्ता वितरण गरिएको छ ।




## Aathbiskot Municipality
## Office of the Municipal Executive
### Aathbiskot, Rukum (West)
### Karnali Province, Nepal

## INVITATION FOR BIDS

**Contract Identification No: Mentioned in a table below**
**Date of publication: 2082/06/13 B.S. (29th Sep., 2025)**

1. Aathbiskot Municipality Office invites electronic bids from eligible bidders for the following work under National competitive Bidding (NCB) procedure. Some of the qualification criteria are mentioned below, through the details are:

| S. N. | Contract No. | Description of work | Bid Document Fee (NRs.) | Bid Security Amount (NRs.) | Bid Submission Deadline | Bid Opening Date | Estimate Amount (Excl. VAT) NRs. |
|---|---|---|---|---|---|---|---|
| 1. | AMO/NCB/ G-7/2082/083 | Supply and Delivery of Official Stationary and Electronics Materials at Aathbiskot Municipality Rukum (Western Part). | 3000.00 (Non-Refundable) | 1,00,000.00 | 29 Sep. 2025 12:00 Noon | 29 Oct. 2025 02:00 PM | 30,87,475.00 |
| 2 | AMO/NCB/ W-7/2082/083 | Construction of RCC Road at Aathbiskot Municipality-11,Simbazar Rukum (Western Part). | 3000.00 (Non-Refundable) | 80,000.00 | 29 Sep. 2025 12:00 Noon | 29 Oct. 2025 02:00 PM | 24,36,400.57 |
| 3 | AMO/NCB/ W-8/2082/083 | Upgrading of Road at Aathbiskot Municipality-14, Rukum (Western Part). | 3000.00 (Non-Refundable) | 2,35,000.00 | 29 Sep. 2025 12:00 Noon | 29 Oct. 2025 02:00 PM | 71,50,862.44 |
| 4 | AMO/NCB/ RB-1/2082/083 | Extraction of River Bed Materials (Stone, Gravel, Aggregate, Sand, etc.) of Different Ghat Bheri river. | 3000.00 (Non-Refundable) | 5% of Bid Price | 29 Sep. 2025 12:00 Noon | 14 Oct. 2025 02:00 PM | 4142254.35 Second Time |
| Place to Purchase & Submit the Bid Document | | | | PPMO'S website: www.bolpatra.gov.np/egp | | | |
| Account details for the payment of non-refundable bid document fee | | | | Bank Name: Prabhu Bank Ltd. Bank Address: Aathbiskot Municipality 09, Rukum (west) Account holder's Name: Aathbiskot Municipality Office Account Number: 2607089815000178 (Revenue Account) | | | |
| Account details to furnish the bid security amount | | | | Bank Name: Prabhu Bank Ltd. Bank Address: Aathbiskot Municipality 09, Rukum (west) Account holder's Name: Aathbiskot Municipality Office Account Number: 2607089815000048 (Dharauti/ Retention Account) | | | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at PPMO website: www.bolpatra.gov.np/egp

**Chief Administrative Officer**

मध्यान्ह
www.madhyanhadaily.com

१३ असोज २०८२ सोमबार
29 September 2025 Monday

सम्पादकीय

## शुभ रहोस् बडादसैं फर्किऊन् आशा र उमंग

नेपाली हिन्दूहरूको महान् पर्व दसैं घरआँगनमा आइसकेको छ । देशविदेशमा रहेका घर फर्किरहेका छन् । दसैं मनाउन लाखौंले काठमाडौं उपत्यकाबाट बाहिरिएका छन् । गाउँघर र बस्तीमा दसैंको रौनक आइसकेको छ । दसैं बजारमा भिडभाड छ भने गाउँघरमा लिंगे पिङ मच्चिइरहेका छन् । घरघरमा खुसी र उमंगको माहोल छ ।

यस वर्षको दसैंमा अघिल्ला वर्षजस्तो उल्लास भने छैन । तीन साताअघिको जेनजी विद्रोह (२३ भदौ) र लगत्तैको विध्वंस (२४ भदौ)ले दसैं खल्लो पारेको छ । आन्दोलनमा ज्यान गुमाउने युवाहरूको घरमा आलो पीडा छ भने घाइतेहरूको घाउ अझै निको भइसकेको छैन । कैयौं अझै अस्पतालमै छन् । आन्दोलनको आडमा देशैभर व्यक्तिगत सम्पत्तिमा गरिएको आगजनी, तोडफोड र लुटपाटबाट पीडित हुनेहरूको संख्या पनि ठुलै छ । यसरी हेर्दा यसपटकको दसैंसँग खुसी र उमंगसँगै प्रतिकूल परिस्थिति एवं आर्थिक–सामाजिक असहज स्थिति पनि छ । तर यसलाई आपसी शान्ति, सद्भाव र एकताको एउटा माध्यम बनाउने मौका पनि हामीसँग छ ।

युवा पुस्ताको आक्रोशको विस्फोटले नेपाली राजनीति पुनः एकपटक तरल बनेको छ । यसले मुलुकलाई अनिश्चय, अस्थिरता र असुरक्षाको स्थितिमा पुऱ्याएको छ । यो असहज स्थितिबाट बाहिर निस्कने सबैभन्दा सहज उपाय भनेकै अन्तरिम सरकारले २१ फागुनका लागि तोकेको आमचुनाव समयमै निष्पक्ष एवं शान्तिपूर्ण ढंगले गर्न सक्नु हो । नयाँ, पुराना र खुल्ने क्रममा रहेका दलहरू, नागरिक अगुवा र आमनागरिकको सहयोगबिना त्यो सम्भव छैन । अतः यसपटकको दसै आमचुनावको माहौल बनाउने माध्यम पनि हुनेछ ।

बडा दसैंको सन्देश भनेकै असत्यमाथि सत्यको जित हो । आपसी सद्भाव र शान्ति हो, सुख एवं समृद्धि हो । पछिल्लो राजनीति परिवर्तनपछि अनिश्चयसँगै नयाँ आशाको सञ्चार पनि भइरहेको छ । दसैंले आमनेपालीजनमा देश निर्माणको नयाँ आशा जगाउन सकोस् । घरपरिवार र समाजिक सम्बन्धको धागो अझ बलियोसँग बाँध्न सकोस् । त्यसले धार्मिक, सांस्कृतिक एवं जातीय विविधतालाई एकताको सूत्रमा बाँध्न सकोस् । सबैभन्दा मुख्य कुरा 'मास डिप्रेसन'को चरणमा पुगिसकेको नेपाली समाजलाई सुख र समृद्धिको बाटोमा लैजान दिगो, स्पष्ट एवं सकारात्मक दृष्टिकोण प्रदान गरोस् । त्यो ऊर्जा दसैंले प्रदान गरोस् । देशविदेशमा रहेका सम्पूर्ण नेपालीजनमा दसैंको मंगलमय शुभकामना ।

# युवा स्कुलिङ सुधार्न खेलकुद

*जेनजी विद्रोह मात्र थिएन, हाम्रो स्कुलिङको उपज पनि हो । कसैका घरमा आगो लगाउने, बुबाआमासरहका व्यक्तिमाथि हातपात गर्ने हाम्रो शिक्षा कदापि होइन ।*

अग्रलेख



● टिएस ठकुरी

रंगभेद नीतिका कारण दक्षिण अफ्रिका गहिरो विभाजनमा थियो । अल्पसंख्यक श्वेत (गोरा) जातिको सरकारले बहुसंख्यक अश्वेत (काला)लाई राजनीतिक, सामाजिक र आर्थिक अधिकारबाट वञ्चित गरेको थियो । शिक्षा, स्वास्थ्य, बसोबास, रोजगारी सबैमा जातीय विभाजन थियो । अश्वेतले श्वेत जातिको सरकारलाई दमनकारी भन्थे, श्वेतले पनि आफूलाई पृथक र उच्च ठान्थे । यस पृष्ठभूमिमा २७ वर्ष कठोर जेल जीवनबाट मुक्त भएका नेल्सन मण्डेला राष्ट्रिय एकता र मेलमिलाप चाहन्थे । राष्ट्रिय एकता र मेलमिलापका लागि उनले सबैभन्दा पहिले रग्बी खेल रोजे । किनभने रग्बी दक्षिण अफ्रिकामा उच्च वर्गको पहिचान र प्रतिष्ठासँग जोडिएको थियो । यसलाई अश्वेतहरू दमनको प्रतीकका रूपमा बुझ्थे ।

यसैबीच मण्डेलाले आह्वान गरे- यदि हामीले श्वेत (गोरा) समुदायको पहिचानलाई सम्मान गर्न सक्यौं भने उनीहरू पनि नयाँ राष्ट्र निर्माणमा सामेल हुनेछन् । नभन्दै १९९५ मा दक्षिण अफ्रिकाले रग्बी विश्वकप आयोजना गर्दा मण्डेला स्वयंले राष्ट्रिय टोलीको जर्सी लगाएर स्टेडियम पुगे, आमदक्षिण अफ्रिकी जनतामा सन्देश दिए- यो खेल सबै दक्षिण अफ्रिकीको हो ।

मण्डेलाको यस कदमले गोरा र काला जातिबीच दूरी घटायो र राष्ट्रलाई एकताबद्ध बनायो । यही कारण रग्बी खेल अन्ततः दक्षिण अफ्रिकाको राष्ट्रिय एकता र मेलमिलापको प्रतीक बन्यो । विश्वप्रसिद्ध राजनीतिज्ञ मण्डेला भन्ने गर्थे- खेलकुदले संसार बदल्ने सामर्थ्य राख्छ, यसले मानिसलाई प्रेरणा दिन्छ साथै, मानिसहरूलाई त्यस्तो तरिकाले एकताबद्ध गर्छ, जुन अन्य केहीले गर्न सक्दैन ।

जेनजी विद्रोह आवश्यक थियो या थिएन, यो अलग बहसको विषय बन्ला तथापि, भदौ २३ र २४ मा भएको जेनजी विद्रोहपछि नयाँ सरकार बनेको छ । सरकारले कुल मतदाताको आधाभन्दा बढी हिस्साका ओगटेको त्यही युवा पुस्तालाई चाँडै छुन सक्ने युवा तथा खेलकुद मन्त्रालय दिन ढिलाइ गरिरहेको छ । अझ, युवा पुस्तालाई मन्त्रिमण्डलमा समेट्न कन्जुस्याइँ गरिरहेको जस्तो पनि देखिन्छ । फेरि पनि पुरानै अनुहारले शासन सत्तामा रजगज गर्ने छाँट देखिएको छ । यद्यपि, युवा पुस्ताकै प्रारम्भिक रूप जेनजी पुस्ता हो । जेनजी विद्रोह सामान्य पटक्कै होइन । इतिहासमा यस्तो विद्रोह कहिल्यै भएन । २७ घण्टाभित्र करिबकरिब देश नै कब्जा गर्ने विद्रोह सायद संसारमै विरलै होला भन्ने लाग्छ ।

यो विद्रोह मात्र थिएन, हाम्रो स्कुलिङको उपज पनि हो । कसैका घरमा आगो लगाउने, बुबाआमासरहका व्यक्तिमाथि हातपात गर्ने हाम्रो शिक्षा कदापि होइन । डिजिटल प्रविधिको विकासक्रमसँगै जन्मिएको र हुर्किएको पुस्तालाई जेनजी भनिन्छ । इन्टरनेट, स्मार्टफोन र सोसल मिडियाको विकाससँगै हुर्किएको यो पुस्ताले गरेको हिंस्रक व्यवहारबाट यो पुस्ताको स्कुलिङ उजागर भएको छ ।

हजारौं मान्छेलाई रोजगारी दिएको भाटभटेनी लुटियो । विश्व प्रतिष्ठित चेन होटल हिल्टन जलाइयो । राष्ट्रिय सम्पदा जलाइए । केन्द्रदेखि जिल्लासम्मका कैयौं सार्वजनिक र व्यक्तिगत सम्पत्ति क्षणभरमै खरानी भए । खर्बौंको सम्पत्ति नष्ट गरियो । गोप्य दस्ताबेज खरानी बनाइयो । यस्तो इतिहासमा कहिल्यै भएन । यतिबेला देशकै जग हल्लिएको छ । अविश्वास बढ्दो छ । तत्काल नेपालमा लगानीको वातावरण बन्न गारो छ । किनभने विश्वास टुटेको छ । एकले अर्कोमाथि आशंका गर्नुपर्ने अवस्था बनेको छ । यो सबै




हुनुमा धेरै कारक होलान् । तर मसिनोसँग हेर्दा हामीले के गुमायौं ? सम्पदा, राष्ट्रिय सम्पत्ति, सिंहदरबारदेखि जिल्लाजिल्ला सम्मका खर्बौंका संरचना नष्ट भए । नेपाली राजनीतिको गर्विलो विरासत बोकेका कोइराला निवास, गणेशमान निवास, किशुनजी आश्रम पनि त्यही घानमा परे । यसले नै भन्छ, हामीले यो नयाँ पुस्तालाई कस्तो स्कुलिङमा हुर्कायौं ।

समग्रमा समीक्षा गर्नेबेला भएको छ । मुख्य कुरा स्कुलिङ हो । हामी हाम्रो नयाँ पुस्ता कस्तो बनाउने ? हामीसँग स्कुलहरू असंख्य छन्, स्कुलिङ पटक्कै देखिएन । स्कुलका गगनचुम्बी भवन छन्, फराकिला मैदान छैनन् । शिक्षक छन्, अनुशासन, नैतिकता पढाउने नगन्य छन् । शिक्षक गुरु भएनन्, जागिरे मात्र भए । बीजगणितको फर्मुला मात्र सिकाउने शिक्षककै उपज हो यस्तो विद्रोह भन्नेहरू पनि छन् ।

पञ्चायतमा पनि चारपाते युवा क्लब, राजा तथा युवराजका नाममा क्लब खोलेर समाजलाई एकताबद्ध राख्ने अभ्यास थियो । गाउँगाउँमा क्लब खोलिँदा गाउँलेले सुरक्षित अनुभूति गर्थे । साथी सर्कल फराकिलो हुने, हरेकमा आत्मीयता बढ्ने हुन्थ्यो । त्यसले पनि लडाइँ झगडा, तोडफोडबाट टाढै राख्थ्यो । यो पुस्तासँग आत्मीयतासहितका साथीहरू औंलामा गन्न सकिने पनि भेटिँदैनन् । यो पुस्ताको विद्रोहले हरेक परिवार र समग्रमा सिंगो समाज असुरक्षित महसुस गरिरहेको छ । यसका साइड इफेक्ट पक्कै निकट भविष्यमा देखिने नै छन् ।

तर हामीले अब खेलकुदको जागरण ल्याउन अपरिहार्य छ । अर्बौंका स्टेडियम होइन, खेलकुदप्रति अभिरुचि जगाउने अभियान सञ्चालन गर्न जरुरी छ । खुला मैदानको अवधारणा ल्याउन जरुरत छ । किनभने


> *स्वस्थ नागरिकले शिक्षा र संस्कार पाउन सके देश बन्न बेर लाग्दैन । हरेक बालबालिकालाई देशको नियम, कानुन, नैतिक शिक्षा, आचरण, बोली व्यवहार, इमानदारिता सानैदेखि सिकाउने शिक्षा हुनुपर्छ । यो सबै व्यावहारिक रूपमा पाउने भनेकै खेलकुद हो ।*

स्वस्थ नागरिकसँग सिर्जनशीलताको अपार सम्भावना हुन्छ । तसर्थ, स्वस्थ नागरिक जन्माउने पहिलो काम हुनुपर्छ कुनै पनि राज्यको । स्वास्थ्यप्रति सजग नागरिकका लागि शिक्षा अर्को उच्च प्राथमिकता हुनुपर्छ । स्वस्थ नागरिकले शिक्षा र संस्कार पाउन सके देश बन्न बेर लाग्दैन । हरेक बालबालिकालाई देशको नियम, कानुन, नैतिक शिक्षा, आचरण, बोली व्यवहार, इमानदारिता सानैदेखि सिकाउने शिक्षा हुनुपर्छ । यो सबै व्यावहारिक रूपमा पाउने भनेकै खेलकुद हो । खेलकुदमा अनुशासन हुन्छ, टिमवर्क हुन्छ, नियमको पालना गर्ने चलन हुन्छ । सँगै, मेहनतमा विश्वास हुन्छ, नेतृत्वलाई मान्ने संस्कार हुन्छ, परिणाममुखी नेतृत्वप्रति विश्वास गर्ने संस्कृति हुन्छ । परिणाम दिने सवालमा कमजोर बन्दै जाँदा टिमबाट बिदा लिने, कप्तानले नेतृत्वबाट बिदा लिने गज्जबको सरल अभ्यास खेलकुदभित्रै छ । अझ, 'जित या सिक' भन्ने सबैभन्दा ठुलो सन्देश छ । ससाना बालबालिकालाई यति मात्र सिकाउन सकियो भने सुसंस्कृत समाज आफैं बन्छ ।

महान् दार्शनिक अरिस्टोटलले पनि कतै भनेका छन्- शिक्षा भनेको शरीर र मस्तिष्क दुवैको प्रशिक्षण हो । जेनजी पुस्तालाई खेलकुदसँग गहिरो नाता जोड्न राज्य र नागरिक समाजका अगुवाले पहलकदमी लिए देश ट्र्याकमा फर्कन बेर लाग्दैन ।

## इतिहासमा आज

२९ सेप्टेम्बर २००८ मा महामन्दीको सुरुवाती चरणहरूमा आपतकालीन आर्थिक स्थिरीकरण ऐनमा संयुक्त राज्य अमेरिकाको प्रतिनिधि सभाको पहिलो मतदान असफल भएपछि सेयर बजार क्र्यास भएको थियो ।



२९ सेप्टेम्बर २००७ मा विश्वको पहिलो व्यावसायिक आणविक ऊर्जा केन्द्र, काल्डर हललाई नियन्त्रित विस्फोटमा ध्वस्त पारिएको थियो ।



२९ सेप्टेम्बर २०१६ मा उरी आक्रमणको ११ दिनपछि भारतीय सेनाले पाकिस्तान प्रशासित कश्मीरमा संदिग्ध आतंककारीविरुद्ध 'सर्जिकल स्ट्राइक' गरेको थियो ।



२९ सेप्टेम्बर २०११ मा भारतको विशेष अदालतले सबै २६९ अभियुक्त अधिकारीहरूलाई दलितहरूमाथि अत्याचारको लागि र १७ जनालाई वाचथी मुद्दामा बलात्कारको लागि दोषी ठहर गरेको थियो ।



# चाडपर्व : प्रेम, श्रद्धा र एकताको प्रतीक

विचार



खिमराज गिरी

> *दसैं, तिहार र छठजस्ता पर्वले प्रेम, सद्भाव र मेलमिलापको भावना प्रबल बनाउँछन् । यी पर्वहरूले धार्मिक, सामाजिक, सांस्कृतिक र राष्ट्रिय दृष्टिकोणबाट हाम्रो जीवनलाई सम्पन्न बनाउँछन् ।*

नेपाल हिमाल, पहाड, तराई, भित्री मधेश, ताल, नदीनाला, खोला, झरना र वनजंगलले ढाकिएको एक अत्यन्तै सुन्दर भूमि हो । यहाँ विभिन्न धर्म, भाषा, संस्कृति र परम्परा पाइन्छन् । नेपालका चाडपर्वहरूले हाम्रो जीवनलाई उत्साह, प्रेम र सामाजिक एकताको प्रतीकका रूपमा बाँच्न सिकाउँछन् । विशेषगरी, नेपालीहरूका लागि वर्षमा हर्षोल्लासका साथ मनाइने प्रमुख पर्वहरू दसैं, तिहार र छठ हुन् । यी चाडपर्वहरूले विविध दृष्टिकोणबाट विशेष महत्व राख्छन्- धार्मिक, सांस्कृतिक, सामाजिक, राजनीतिक र राष्ट्रिय ।



दसैं (विजया दशमी)लाई नेपालीहरूले एक महत्वपूर्ण पर्वका रूपमा लिन्छन्, विशेषगरी हिन्दू धर्मावलम्बीहरूका लागि । यो पर्व देवी दुर्गाले असुर महिषासुरको वध गरेर संसारमा न्याय र शान्ति स्थापना गरेको दिनका रूपमा मनाइन्छ । दसैंको विशेषता भनेको आफन्तजन जमघट र मान्यजनबाट टीका ग्रहण गर्ने परम्परा हो । यस पर्वले जीवनमा नयाँ ऊर्जा र समृद्धि ल्याउने विश्वास गरिन्छ ।

दसैंलाई पारिवारिक एकताको पर्वका रूपमा पनि चिनिन्छ किनकि यस समयमा मानिस टाढाटाढाबाट आफ्ना परिवारसँग भेट गर्न भेला हुन्छन् । यस पर्वको धार्मिक महत्वका साथै सामाजिक र राजनीतिक दृष्टिले पनि यसलाई महत्वपूर्ण मानिन्छ । यसले समाजमा मेलमिलापको भावना प्रवर्धन गर्छ र विभिन्न जातजातिबीच एकता र सद्भाव निर्माण गर्न मद्दत गर्छ ।

दसैंपछि तिहार अर्को महत्वपूर्ण पर्व हो, जसलाई भाइबहिनी र दिदीदाजुको सम्बन्धलाई प्रगाढ बनाउन मनाइन्छ । यो पर्व यमराजले आफ्नो बहिनीप्रति गरेको अगाध मायाको प्रतीक हो । तिहारमा काग, कुकुर, गाई र लक्ष्मीको पूजा गरिन्छ र दिदीबहिनीहरूले भाइलाई टीका लगाएर उपहार आदानप्रदान गर्ने परम्परा छ । तिहार एक सामाजिक पर्वका रूपमा पनि लिइन्छ, जसमा परिवारका सदस्य आपसमा मेलमिलाप गर्दै मिष्ठान्न र मिठो खानाको आदानप्रदान गर्छन् । यसमा ओखड फोर्न र वनजंगलका वनस्पतिहरूको पनि विशेष महत्व छ ।

छठ पर्व विशेषगरी तराई क्षेत्रमा मनाइन्छ, जहाँ सूर्य देवताको पूजा गरेर दीर्घायु र समृद्धिको कामना गरिन्छ । सूर्यको उपासना र नदी या पोखरीमा डुबुल्की मारे पूजा गर्ने परम्परा छ । यस पर्वले पनि समाजमा मेलमिलापको वातावरण सिर्जना गर्छ र धार्मिक मान्यताअनुसार समाजमा शान्ति र समृद्धि ल्याउने विश्वास गरिन्छ ।

नेपालमा हिन्दू धर्मको बहुलता छ, यद्यपि सबै धर्मावलम्बीबीच सौहार्दताको अवस्था छ । विभिन्न जातजातिका बिच विविध धर्म, संस्कार र रीतिरिवाज पाइन्छन् । यसले समाजमा सद्भाव र भातृत्वको भावना निर्माण गरेको छ । सांस्कृतिक दृष्टिकोणबाट यी पर्वहरूले नेपाली पहिचान र संस्कृतिलाई प्रगाढ बनाउँछन्, जसमा विभिन्न जातजातिका विविध गीत संगीत र नृत्यका रूपमा रमाइलो मनाइन्छ ।

राष्ट्रिय दृष्टिकोणले हेर्दा यी पर्वहरूले मेलमिलाप र शान्तिको सन्देश फैलाउँछन् । सार्वजनिक बिदा, समाजमा शान्ति र सहमतिको वातावरण सिर्जना हुन्छ र यसले राष्ट्रको राजनीतिमा पनि सकारात्मक असर पार्छ ।


यसरी, दसैं, तिहार र छठ जस्ता पर्वले प्रेम, सद्भाव र मेलमिलापको भावना प्रबल बनाउँछन् । यी पर्वहरूले धार्मिक, सामाजिक, सांस्कृतिक र राष्ट्रिय दृष्टिकोणबाट हाम्रो जीवनलाई सम्पन्न बनाउँछन् । हरेक वर्ष आउने यस्ता पर्वहरूले परिवार, समाज र राष्ट्रमा एकता र शान्तिको वातावरण सिर्जना गर्छ । साथै, सुख, समृद्धि र प्रेमलाई पनि अगाडि बढाउँछ । त्यसैले हाम्रा चाडपर्वलाई गहनाको रूपमा लिँदै संरक्षण र प्रवर्धन गर्न आवश्यक छ ।

## सामाजिक सञ्जाल



डम्बर खतिवडा

देशको आवश्यकता, इतिहासको गति र नागरिक अपेक्षा एकातिर छ, केही तोरी लाहुरे भने अझै नेता, गुट र दलको प्रतिरक्षा गर्ने नाममा पुङ्मागे कुतर्क गर्ने मस्त छन् । जे गर्न मन छ गर, इतिहासको गति रोकिने होइन, हेरौंला न त तिम्रा ओली-देउवा-प्रचण्डहरूले तिम्रा राजनीति कतिन्जेल जोगाउने रैछन् ।




नवराज पन्त

अहिले विश्वमा बच्चा थोरै जन्माउन थालेका छन्, वस्तुको उपभोग कम छ, वस्तुको पुनः प्रयोग छ, विश्व नै वातावरणमैत्री हुन थालेको छ । अब धनीको पैसा कसैले सापटी लिँदैन, पैसा कुहिन्छ, अहिलेसम्म कोरियाको पैसा चलाउने अर्थतन्त्र मेमेरी चिप्स र हाउजिङले थेगेको छ तर जापानमा जस्तै यहाँ पनि पैसा स्थिर हुन सक्छ ।



रञ्जित तामाङ

एमाले नेतृत्वसँग 'गल्ती गरें' भन्ने स्वीकारोक्ति त परै जाओस्, उल्टै हुक्चिल जसरी कराउन थाल्यो । गाउँघरमा हुक्चिल कराउनुलाई अशुभ मानिन्छ । ख्याल रहोस्, पछिल्लो समयको अशुभमा सबैभन्दा धेरै खत्ती एमालेले बेहोऱ्यो । पश्चिम बंगालमा जसरी जिरो भएपछि चाहिँ चेत्छन् कि अहंकारका पोकाहरू ।



प्रेमकान्त अधिकारी

आवश्यकताको आधारमा तत्कालीन परिस्थितिलाई मध्यनजर राखेर जेनजीको सहमतिबाट गठन गरिएको सरकार हुनाले अवैधानिक असंवैधानिकभन्दा राजनीतिक सम्झौताबाट भएको महसुस गर्नुपर्छ । नत्र त मुद्दा परिसक्थ्यो होला त । संविधानअनुसार भएको भए अन्तरिम सरकार हुँदैनथ्यो । देश बचाऔं, सबै जुटौं ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । - सं.

# शीतगंगा नगरभित्र पारदर्शिता कार्यसम्पादन सुधारका लागि रणनीति तयार हुँदै

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, असोज १२



शितगंगा नगरपालिकाले आफ्नो प्रशासनिक दक्षता, पारदर्शिता र जवाफदेहितामुखी कामकाजलाई सुदृढ पार्न बहुआयामिक सुधार रणनीति तयार गरेको छ। नगरपालिकाले विगत चार वर्षको कार्यसम्पादनको विश्लेषणसहित आगामी वर्षहरूमा पारदर्शी र परिणाममुखी सेवा प्रवाह सुनिश्चित गर्ने उद्देश्यसहित विभिन्न शाखा र मातहतका समितिहरूमा स्पष्ट जिम्मेवारी तोकेको प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद सापकोटाले जानकारी दिएका छन्।

उनका अनुसार यो रणनीतिले स्थानीय विकासमा पारदर्शिता, औचित्य र मितव्ययितामुखी अभ्यासलाई संस्थागत गर्ने लक्ष्य लिएको छ। नगरपालिकाले विशेषगरी राजस्व र रोयल्टी व्यवस्थापनलाई प्राथमिकतामा राख्दै गोरुसिंगे सडक, संघीय तथा प्रदेश सरकारका योजना, सिँचाइ, चुरे संरक्षण तथा भुण्टे डाँडामा क्रस भएको क्षेत्रमा लिनुपर्ने राजस्व सुदृढीकरणका लागि राजस्व परामर्श समिति गठन गरेको हो। योजना शाखा प्रमुख तथा सूचना अधिकारी नुमलाल खनालका अनुसार सो समिति निष्पक्ष र तथ्यमा आधारित प्रतिवेदन तयार गर्ने जिम्मेवारीमा खटिएको छ।

नगरप्रमुख छबिलाल पौडेलले राजस्व संकलन प्रक्रियामा पारदर्शिता र जवाफदेहिताको अभ्यास अनिवार्य बनाइने उल्लेख गर्दै भने, 'अब नगरपालिका भित्र राजस्व संकलन प्रक्रिया पारदर्शी र जिम्मेवार बन्नेमा ढुक्क छौं।'

प्रमुख प्रशासकीय अधिकृत सापकोटाले कार्यालयभित्र पारदर्शिता र मितव्ययिताको अभ्यास गर्न प्रत्येक हप्तामा खर्च विवरण सार्वजनिक गर्ने निर्णय गरिएको जानकारी दिए। साथै, मासिक पत्रकार सम्मेलनमार्फत विषयगत शाखा र जनप्रतिनिधिहरूद्वारा भएको प्रगतिलाई विस्तारमा प्रस्तुत गर्ने तयारीसमेत गरिएको छ।

उनले थपे, 'नगरपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ पार्दै कर्मचारी इन्धन, खाजा, अन्य खर्च व्यवस्थित गर्ने, जिन्सी सामग्री अभिलेखिकरण प्रभावकारी बनाउने र सवारी साधन मर्मत खर्चको विवरण नियमित रूपमा कार्यपालिकामा पेस गर्ने व्यवस्था गरिएको छ।'

सेवा प्रवाह सुधार र एकीकृत घुम्ती सेवा नगरपालिकाले नागरिकलाई सहज र प्रभावकारी सेवा उपलब्ध गराउन सबै शाखाको एकीकृत घुम्ती सेवा सञ्चालन गर्ने निर्णय गरेको छ। यसअन्तर्गत वडा कार्यालयमा पुग्दा नागरिकले व्यवहारिक शिक्षा पाउने, आफ्ना सुझाव राख्ने र सुधारका अवसर पहिचान गर्ने व्यवस्था मिलाइने भएको छ। २०७९ देखि हालसम्म भएका सम्पूर्ण कार्यसम्पादनको प्रतिवेदन तयार पार्ने कार्यसमेत सुरु गरिएको छ। साथै, सवारी साधन तथा मेसिनरी व्यवस्थापनका लागि मूल्यसूची सार्वजनिक गर्ने निर्णय गरिएकाले वित्तीय पारदर्शितामा थप बलियोपन आउने जनप्रतिनिधिहरूको विश्वास छ।

## वित्तीय अनुशासन र स्थानीय आर्थिक विकास

आर्थिक विकास समितिले सहकारी संस्था र सामुदायिक वनको लेखापरीक्षण, उत्पादनमा आधारित अनुदान र चेलीबेटी सहकारीसँग सम्बन्धित विषयमा छलफल गरी प्रतिवेदन तयार गर्ने जिम्मेवारी पाएको छ। यसले वित्तीय अनुशासन र स्थानीय आर्थिक विकासमा स्पष्टता ल्याउने अपेक्षा गरिएको छ। योजना शाखाले उपभोक्ता समिति गठन, तालिम, सम्झौता, कार्यान्वयन, अनुगमन र भुक्तानीसम्मको सम्पूर्ण कार्यतालिका सार्वजनिक गर्ने निर्णय गरेको प्रमुख प्रशासकीय अधिकृत नुमलाल खनालले जानकारी दिए।

सुधारका लागि समिति गठनसामाजिक प्लेटफर्ममार्फत आएका रोयल्टी, कर छुट र सहकारी अनुदानसम्बन्धी विषय अध्ययन गर्न प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद सापकोटाको संयोजनमा समिति गठन गरिएको छ। उक्त समितिमा योजना शाखा प्रमुखसहित राजस्व, लेखा र प्रशासन शाखा प्रमुख सदस्य रहेका छन्।

सापकोटाका अनुसार यी सुधारात्मक कदमहरूले शितगंगा नगरपालिकालाई 'जवाफदेहितामुखी, पारदर्शी र परिणाममुखी संस्था' बनाउन महत्वपूर्ण योगदान पुऱ्याउने छन्। स्थानीय स्तरमा पारदर्शिता, वित्तीय अनुशासन, दक्ष सेवा प्रवाह र योजना कार्यान्वयनमा सुधार ल्याउन यी रणनीतिहरू निर्णायक साबित हुने नगरपालिका कर्मचारी लक्ष्मण पौडेलले बताए।

# ड्रोन उडाउने गतिविधि बढ्दा प्रशासन सतर्क

**विनोद निगम/मध्यान्ह**
नवलपरासी, १२ असोज



पछिल्ला केही दिनयता पश्चिम नवलपरासीका विभिन्न क्षेत्रमा तथा भारतीय सीमा नजिक रातिको समयमा ड्रोन उडाइएका घटना देखिएका छन्। केही स्थानमा चोरीसमेत भएको समाचार सार्वजनिक भए पनि घटनाहरूको पूर्ण विवरण भने खुलेको छैन।

जिल्ला प्रशासन कार्यालय पश्चिम नवलपरासीले यस्ता गतिविधिबाट सुरक्षा संवेदनशीलता बढेको भन्दै ड्रोन उडाउँदा कानूनी प्रक्रिया पूरा गर्न आग्रह गरेको छ।सहायक प्रमुख जिल्ला अधिकारी पोषण राज भण्डारीद्वारा जारी विज्ञप्तिअनुसार, व्यक्तिगत वा संस्थागत तवरबाट आयोजना गरिने कार्यक्रम, सांस्कृतिक, धार्मिक तथा परम्परागत पर्व-उत्सवहरूमा मनोरञ्जन प्रयोजनका लागि ड्रोन उडाउनुअघि अनिवार्य रूपमा स्थानीय प्रहरीलाई जानकारी दिनुपर्नेछ।

२०७५ सालको 'मानवरहित हवाई उपकरण उडान कार्यविधि' अनुसार मात्र ड्रोन उडाउन पाइने व्यवस्था भए पनि यदाकदा उक्त कार्यविधिको पालना नगरी ड्रोन उडाइएको पाइएकाले अबदेखि प्रक्रिया पूरा नगरी ड्रोन उडाउनेहरूलाई सम्बन्धित कानुनअनुसार कारबाही गरिने चेतावनी प्रशासनले दिएको छ।

# रुकुमपूर्वको भूमेमा शिक्षा र कृषि क्षेत्रमा नमुना अभियान सञ्चालन

**बालाराम शेर्पाली/मध्यान्ह**
रुकुमपूर्व, १२ असोज




रुकुमपूर्वको भूमे गाउँपालिका-३ मा केही वर्षयता विद्यालयका विद्यार्थी र स्थानीय किसानको जीवनशैलीमा उल्लेखनीय परिवर्तन आएको छ। यो परिवर्तनको मूल कारण नेपाल सर्वांगीण विकास समाजले २०७८ सालदेखि निरन्तर सञ्चालन गर्दै आएको विभिन्न सामाजिक तथा विकासात्मक कार्यक्रमहरू रहेका छन्। पौष्टिक नास्ता वितरणदेखि लिएर किसानलाई कृषि अनुदानसम्मको अभियानले गाउँमा नयाँ ऊर्जा भरेको छ।

संस्थाले वडा नम्बर-३ भित्रका चार विद्यालयहरू नमुना आधारभूत विद्यालय, तक्सार आधारभूत विद्यालय, शहीद शुक्र माध्यमिक विद्यालय र शहीद वासु स्मृति विद्यालयमा दैनिक नास्ता वितरण गर्दै आएको छ। हप्तामा ६ दिन ६ किसिमका पौष्टिक परिकार उपलब्ध गराइने यस कार्यक्रमले विद्यार्थीलाई स्वस्थ राख्नुका साथै विद्यालयमा आकर्षण बढाएको छ। विद्यालयमै नास्ता पकाउनेलाई तालिम र मासिक तलब उपलब्ध गराइने भएकाले यसले स्थानीय महिलालाई रोजगारी दिने अवसर पनि सिर्जना गरेको छ।

तक्सार आधारभूत विद्यालयका प्रधानाध्यापक होमजङ राणा मगरका अनुसार यस कार्यक्रमले विद्यार्थीलाई विद्यालयप्रति आकर्षित मात्र गरेको छैन, उनीहरूको स्वास्थ्य सुधार र अनुशासनमा समेत योगदान पुऱ्याएको छ। शहीद शुक्र माध्यमिक विद्यालयका प्रधानाध्यापक अनिल आचार्यले खाजा कार्यक्रमका कारण विद्यार्थीहरूको उपस्थितिमा उल्लेखनीय वृद्धि भएको बताउँदै, किशोरीहरूको व्यक्तित्व विकास, शैक्षिक सामग्री र आधारभूत पूर्वाधार सहयोगले पढाइमा थप उत्साह देखिएको उल्लेख गरे।

विद्यालय नास्ता कार्यक्रमसँगै किशोरी सशक्तिकरणका गतिविधिहरू पनि नियमित रूपमा सञ्चालन हुँदै आएका छन्। प्रत्येक ६-६ महिनामा किशोरीलाई जीवनदक्षता तालिम, करेसाबारी बनाउने सीप, शैक्षिक सामग्री तथा सरसफाइ सामग्री वितरण जस्ता कार्य निरन्तर भइरहेका छन्। यस वर्ष ४ विद्यालयका सम्पूर्ण विद्यार्थीलाई पोशाक वितरण गरिएको छ। साथै विद्यालयलाई साउन्ड सिस्टम उपलब्ध गराइएको छ, जसले शैक्षिक तथा सांस्कृतिक गतिविधिलाई सहज बनाएको छ।

नेपाल सर्वाङ्गिण विकास समाजले गाउँका किसानलाई आत्मनिर्भर बनाउन कृषि क्षेत्रमा समेत विशेष पहल गरेको छ। संस्थाले २४ किसानलाई बुंगुरको खोर, ७४ किसानलाई बाख्राको खोर, ६ किसानलाई कुखुराको खोर, ८३ किसानलाई फलामे टनेल र करिब २५ किसानलाई साधारण टनेल उपलब्ध गराएको छ। साथै, नर्सरी निर्माण, बिरुवा रोप्ने तरिका, कम्पोस्ट र झोल मल बनाउने तालिम पनि दिएको छ।

फलामे र साधारण टनेल पाएपछि तरकारी खेतीमा उत्पादन बढेको भूमे-३ का कृषक भान्देउ रोकाले खुशी व्यक्त गरे। बाख्रापालक कृषक झुलप्रसाद गुरुङले बाख्राको खोर बनाउन जस्ता पाता र अनुदानमा आएको बोयर जातका बाख्राले किसानमा नयाँ प्रेरणा जगाएको बताए। बुंगुर पालक जमुना पुनले खोर निर्माण सामग्रीसँगै पाएको पाथाले जीवनयापन सजिलो भएको अनुभव सुनाइन्।

यी सबै कार्यक्रमहरू युएसएको सहयोगमा सञ्चालन भइरहेको संस्था हाल रुकुमपूर्वसँगै सिन्धुपाल्चोक र नुवाकोट जिल्लामा पनि क्रियाशील छ। विद्यालय र कृषि दुवै क्षेत्रमा सकारात्मक परिणाम देखिन थालेपछि यो अभियान गाउँकै मात्र नभइ जिल्लाकै नमूना कार्यक्रमका रूपमा स्थापित भएको छ।

# धोबीनी गाउँपालिकाको ३३ करोड ८८ लाख बजेट पारित

**लालबाबु बानिया/मध्यान्ह**
पर्सा, १२ असोज




पर्साको धोबीनी गाउँपालिकाले चार महिना ढिलो भएपनि ११औं गाउँसभा सम्पन्न गरेको छ। गाउँसभामा चालु आर्थिक वर्ष २०८२/८३ का लागि नीति तथा कार्यक्रम पारित गर्दै ३३ करोड ८८ लाख ८८ हजार ९ सय ८१ रुपैयाँ बराबरको बजेट अनुमोदन गरिएको छ।

उपाध्यक्ष मन्जुदेवी पटेलको आदेशअनुसार प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद खतिवडाले अनुमानित बजेट प्रस्तुत गरेका थिए। गाउँसभा धोबीनी गाउँपालिकाको सभाहलमा सम्पन्न भएको हो।

गाउँसभाको उद्घाटन गाउँपालिका अध्यक्ष मदनप्रसाद चौहानले गरेका थिए। कार्यक्रममा बोल्दै अध्यक्ष चौहानले आफ्नो पहिलो प्राथमिकता स्वास्थ्य, शिक्षा, कृषि, महिला तथा बालबालिका, पर्यटन र भौतिक पूर्वाधार विकासमा हुने उल्लेख गरे। उनले राजनीतिक कारणले गाउँसभा ढिलो भएको बताउँदै यसले विकासका काम र जनताको सेवामा अवरोध पुऱ्याएको स्वीकार गरे। अब गाउँसभा सम्पन्न भइसकेकाले विकास कार्य र जनताको काम छिटोछरितो रूपमा अघि बढ्ने प्रतिबद्धता जनाए। साथै उनले हिन्दू धर्मावलम्बीको महान् पर्व विजयादशमीको अवसरमा गाउँवासी र सम्पूर्ण नेपाली जनतामा समृद्धि, प्रगति र शुभकामना व्यक्त गरे।

प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद खतिवडाले आफूले भ्याएसम्म इमानदारीपूर्वक काम गर्ने प्रतिबद्धता जनाए। उनले गाउँपालिकालाई स्वच्छ र समृद्ध बनाउँदै नमुना गाउँपालिका बनाउन प्रतिबद्ध रहेको स्पष्ट पारे।

गाउँसभा अध्यक्षा चौहानको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा उपाध्यक्ष मन्जुदेवी कुर्मिन, वडाध्यक्षहरू बन्धु साह तेली, देवन्द्र पटेल, राजकिशोर पटेल, अब्बास मियाँ चुरिहार, मनाउर मियाँ, नेपाली कांग्रेसका महाधिवेशन प्रतिनिधि श्यामकिशोर पटेल, कार्यपालिका सदस्य, गाउँसभा सदस्य, महिला सदस्यहरू, शिक्षा शाखा प्रमुख बृजकिशोर त्रिपाठी, इन्जिनियर रबिभुषण पटेल, योजना शाखा प्रमुख पप्पु पटेल, लेखापाल अकलेश सहनी, जिन्शी प्रमुख प्रदीप पटेल, प्रदीप गुप्ता, तेजेन्द्र माली, पत्रकार तथा सुरक्षाकर्मीको समेत उपस्थिति रहेको थियो।

कार्यक्रमको सहजीकरण शिक्षा शाखा प्रमुख बृजकिशोर त्रिपाठीले गरेका थिए। गाउँसभा सम्पन्न भएसँगै धोबीनी गाउँपालिकाले आगामी दिनमा विकास, पारदर्शिता र जनसेवामा अझै सक्रिय भूमिका खेल्ने अपेक्षा गरिएको छ।

**निक्षेप उपर हकदाबी गर्ने सम्बन्धी ३५ दिने सूचना**

टुल्कु बुढाथोकीको नाति, बुद्धिराम बुढाथोकीको छोरा, बिमला बुढाथोकीको पति, सल्यान जिल्ला, सिद्ध कुमाख गा.पा. वडा नं. ०५ बस्ने, यस बैंकको ढोरचौर शाखा कार्यालयको खातावाला डिल्ली बहादुर बुढाथोकीको मिति २०८२/०५/०६ मा मृत्यु भएकोले मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको छोरा खुमलाल बुढाथोकीले यस बैंकमा आवश्यक कागजात सहित निवेदन दिनु भएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदक बाहेक अग्र-प्राथमिकतामा अन्य कुनै हकदार भएमा त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण यस बैंकमा हकदाबी गर्न यो सूचना प्रकाशित गरिएको छ। सो म्यादभित्र हकदाबी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भईजाने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ।

लक्ष्मी सनराइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited
लक्ष्मी कम्प्लेक्स, हात्तीसार, काठमाडौं
फोन नं.: ५९७०६८४, ४२१७०७०
Email: info@laxmisunrise.com
URL : www.laxmisunrise.com

**मलेसिया र यूएईमा रोजगार**

कम्पनी : KENANGA SECURITY SDN .BHD. शहर : JALAN
पूर्व स्वीकृत मितिः २०८२/०६/१० चलानी नं.: ६०२४५४८३ L.T. No.:331820

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 50 | 0 | स. काममा दक्ष | 1700 | ५७,०५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : XINTIAN TECHNICAL SERVICES L L C शहर : UAE
पूर्व स्वीकृत मितिः २०८२/०६/१० चलानी नं.: ६०२४५४८२ L.T. No.:331783

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Tiles Labor | 5 | 0 | स. काममा दक्ष | 1400 | ५३,९९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८२ असोज २० गते (6 October 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Five Star International Overseas Pvt. Ltd.
Lic. No.: 205/057/058 GPO Box: 8975, EPC: 1801, Nakhu Dobato, Lalitpur, Tel.: 5542662, Fax: 5544843

**ओमान र युएईमा रोजगार**

कम्पनीः ABDUL AZIZ AL SAQRI FOR TRADING PROJECTS शहरः OMAN
पूर्व स्वीकृत मितिः २०८१/०३/०५ चलानी नं.: ६०२२१४४८ LT. No.: 306709 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब OR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | waiter | 10 | 0 | स. काममा दक्ष | 140 | ५१,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनीः DOORSEC TECHNICAL SERVICES L.L.C शहरः UAE
पूर्व स्वीकृत मितिः २०८२/०६/१२ चलानी नं.: ६०२४५५१९ LT. No.: 331833

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 8 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६९,४२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner General | 15 | 12 | | 1000 | ३८,५७० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज २० गते (6 October 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

HABiBi International Recruitment Pvt.Ltd. Gov Lic No: 1666/080/081
पिंगलास्थान, काठमाडौं, नेपाल । फोन नं: ०१-४५९५१७१ E-mail : info@habibirecruitment.com
Website:www.habibirecruitment.com

**मलेसियामा रोजगार**

कम्पनी : AURA SECURITY SERVICES SDN BHD शहरः MALAYSIA
पूर्व स्वीकृत मितिः २०८२/०६/१० चलानी नं.: ६०२४५४८५ LT. No.: 331797

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 50 | 0 | स. काममा दक्ष | 1700 | ५७,०५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८२ असोज २० गते (6 October 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

HELP OVERSEAS PVT.LTD. श्रम इजाजत नं. ४६४/०६०/०६१
Ringroad Nayabato Chowk, Lalitpur, Nepal | Tel phone no: 01-5433336. Mobile No: 9702615492
Sudeep Man Shrestha Pokhara: 9802857000, Aashish subedi Pokhara: 9829142775
Delhi Kharel Birtamode: 9705398085, FB Page: helpoverseas PLtd, Email id:- help24cvs@gmail.com.

**साउदीमा रोजगार**

कम्पनीः NATIONAL BLUE CO. FOR GENERAL CONTRACTING शहरः RIYADH
पूर्व स्वीकृत मितिः २०८२/०६/१० चलानी नं.: ६०२४५३८९ L.T. No.: 331679

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 25 | 0 | स. काममा दक्ष | 1000 | ३७,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज २० गते (6 October 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

KANTIPUR MANPOWER SERVICE PVT.LTD. श्रम इजाजत नं. ५२३/०६१/०६२
काठमाडौं-३, सामाखुसी, फोन नं.:०१–४९७९७७७, ४९७९५५५, ४९७९६६६
Email: info@kantipurmanpower.com, Website: www.kantipurmanpower.com

**कुवेतमा रोजगार**

कम्पनीः KUWAIT COMPANY FOR PROCESS PLANT CONSTRUCTION & CONTRACTING शहर : KUWAIT
पूर्व स्वीकृत मितिः २०८२/०६/१० चलानी नं.: ६०२४५४७१ LT. No.: 331657

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labouers | 135 | 0 | सम्बन्धित काममा दक्ष | 100 | ४६३२७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Heavy Equipment Operator | 30 | 0 | | 200 | ९२६५४ | | | | | | | |
| 3. | Heavy Vehicle Driver | 48 | 0 | | 160 | ७४१२३ | | | | | | | |
| 4. | Nepali Light Driver | 5 | 0 | | 140 | ६४८५७ | | | | | | | |

कम्पनीः PROSH INTERNATIONAL PROVIDES GENERAL BUILDING CLEANING & PUBLIC FACILITIES MANAGEMENT SERVICES शहर : KUWAIT
पूर्व स्वीकृत मितिः २०८२/०६/१० चलानी नं.: ६०२४५४७२ LT. No.:331656

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners (Indoor) | 150 | 50 | स. काममा दक्ष | 90 | ४१६९४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज २० गते (6 October 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

निलकमल ह्युमन रिसोर्स प्रा. लि. Gov. lic. No. 793/065/66
Sinamangal -9, Prakash Sanyas Asram Marg airport kathmandu
फोनः ५९१६७१३, ५९१६७१४, मो.: 9818394474, 9823614160, 9823325539, 9801117416
Email: documentation@neelkamalnepal.com, Web.: neelkamalnepal.com
Branch- Chitwan 056598203 | Birtamode 023591044 | Nepalgunj 9823986857, Rautahat 984-0708582

**साउदीमा रोजगार**

कम्पनीः TAMKEEN HUMAN RESOURCES COMPANY. शहरः RIYADH
पूर्व स्वीकृत मितिः २०८२/०६/१० चलानी नं.: ६०२४५४९१ L.T. No.: 331697

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Helper | 15 | 0 | स. काममा दक्ष | 1000 | ३७,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज २० गते (6 October 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Nepal Life Recruitment Agency Pvt. Ltd. Govt. Lic. No. 1476/074/075
Gaushala, Kathmandu, Nepal, Tel:4598920, E-mail: nepallifera1476.2017@gmail.com

**कुवेतमा रोजगार**

कम्पनीः SUNRISE INTERNATIONAL CATERING CO शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०८२/०६/१० चलानी नं.:६०२४५५१४ L.T. No.: 331709

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Cook | 2 | 0 | सम्बन्धित काममा दक्ष | 130 | ६०,२२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cook | 2 | 0 | | 150 | ६९,४९० | | | | | | | |
| 3. | Helper | 13 | 0 | | 85 | ३९,३७७ | | | | | | | |
| 4. | Kitchen Helper | 4 | 0 | | 85 | ३९,३७७ | | | | | | | |
| 5. | Steward/dishwasher | 4 | 0 | | 100 | ४६,३२७ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज २० गते (6 October 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Samridhha Human Resources Pvt. Ltd. Gov. Lic No. 1045/073/074
Hattigaunda-08, Buddhanilkantha, Kathmandu, Tel: 01-4371370, 4371369, 9813033715
9851315449 | 9827549952, Email: info@samriddhahr.com, Web.: www.samriddhahr.com

# वेस्ट इन्डिजविरुद्ध नेपालको ऐतिहासिक जित



**काठमाडौं/मस–** वेस्ट इन्डिजविरुद्धको युनिटी कपको पहिलो टी-२० खेलमा नेपाललाई ऐतिहासिक सफलता हासिल भएको छ ।

संयुक्त अरब इमिरेट्सको शारजाह क्रिकेट रंगशालामा भएको खेलमा नेपालले वेस्ट इन्डिजलाई १९ रनले पराजित गर्दै ऐतिहासिक सफलता हासिल गरेको हो ।

नेपालले दिएको एक सय ४९ रनको लक्ष्य पछ्याएको वेस्ट इन्डिजले निर्धारित २० ओभरमा नौ विकेट गुमाएर एक सय २९ रन मात्र बनाउन सक्यो । उसका लागि नवीन विदायसीले सर्वाधिक २२ रन बनाए भने अमिर जाङ्गो र किएसी कार्टीले समान १९ रन बनाए ।

नेपालका लागि कुशल भुर्तेलले दुई विकेट लिए भने कप्तान रोहित पौडेल, करण केसी, दीपेन्द्रसिंह ऐरी र नन्दन यादवले समान एक-एक विकेट लिए ।

त्यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको नेपालले निर्धारित २० ओभरमा आठ विकेट गुमाएर एक सय ४८ रन बनाएको थियो ।

नेपालका लागि कप्तान रोहित पौडेलले सर्वाधिक ३८ रनको योगफल बनाए । उनले ३५ बलमा तीन चौका र एक छक्कासहित सर्वाधिक ३८ रन बनाएका हुन् । त्यस्तै कुशल मल्लले २१ बलमा दुई चौका र दुई छक्कासहित ३० रन बनाए । गुल्शन झाले २२ रन बनाए भने दीपेन्द्रसिंह ऐरीले १७ रन बनाए ।

वेस्ट इन्डिजका लागि जेसन होल्डरले चार विकेट लिए भने नवीन विदायसीले तीन तथा कप्तान अकिल होसेनले एक विकेट लिए । नेपाली क्रिकेट इतिहासमा नेपालले पहिलोपटक दुईपटकको विश्वकप विजेता वेष्ट इन्डिजविरुद्ध खेलेको हो । अर्को सातादेखि ओमानमा हुने आइसीसी टी-२० एसिया कप क्षेत्रीय छनोटको तयारीस्वरुप नेपालले वेष्ट इन्डिजसँग तीन खेलको टी-२० अन्तर्राष्ट्रिय सिरिज खेल्न लागेको हो । नेपाल र वेष्ट इण्डिजसँग दोस्रो खेल यही असोज १३ गते हुनेछ ।

# सुनमाया बनिन् विश्व ट्रेल रनकी उपविजेता



**काठमाडौं/मस–** सुनमाया बुढाले विश्व माउन्टेन तथा ट्रेल रन च्याम्पियनसिपमा दोस्रो स्थान हात पारेकी छिन् । स्पेनको क्यान फ्रान्कमा भएको प्रतियोगितामा सुनमायाले ८१ किलोमिटरको लामो दूरीको ट्रेल रनमा दोस्रो स्थान हात पारेकी हुन् ।

उनले निर्धारित दूरी १० घण्टा २३ मिनेट ०३ सेकेन्डमा पूरा गरिन् । सुनमाया पहिलो स्थान हात पारेकी अमेरिकी खेलाडी केटी शिम्ट भन्दा २६ मिनेटले पछि परिन् ।

तेस्रो संस्करणको विश्व माउन्टेन तथा ट्रेल रनिङमा नेपालले ऐतिहासिक सफलता हासिल गरेको छ । विश्व माउन्टेन रनिङ एसोसिएसनले आयोजना गरेको प्रतियोगितामा पहिलो पटक विश्व एथ्लेटिक्स र इन्टरनेश्नल एसोसियसन अफ अल्ट्रा रनर्स मिलेर सहकार्य गरेका थिए । प्रतियोगितामा ८० देशका १ हजार ७ सय खेलाडी सहभागी थिए । जो अहिलेसम्मकै सबैभन्दा ठूलो सहभागिता भएको बताइएको छ ।

नेपाल एडभेन्टर रनिङ फेडेरेसनले नेपालबाट सुनमायासहित सुमन कुलुङ, साङ्गे शेर्पा र मनकुमार रोकालाई प्रतियोगितामा सहभागी गराएको थियो । ८२ किलोमिटर लङ ट्रेलमा सुमन ३२ औं स्थानमा र मनकुमार ३६ औ स्थानमा रहदै दूरी पार गरेका छन् ।

संघका अध्यक्ष एकेन्द्र कुँवरले नेपालले प्राप्त गरेको सफलता व्यक्तिगत मात्र नभएर नेपाली ट्रेल रनिङको विश्वस्तरीय उपस्थिति र सम्भावनालाई उजागर गरेको बताएका छन् ।

# कराते टोली मलेसिया जाने



**काठमाडौं/मस–** डब्लुकेएफ कराते वान सिरिज ए मा सहभागी हुन नेपाली कराते टोली बुधबार मलेसियाको क्वालालम्पुर जाने भएको छ ।

मलेसिया कराते महासंघको आयोजनामा अक्टोबर ३ देखि ५ तारिकसम्म हुने प्रतियोगितामा ४ महिला खेलाडीले नेपालको चुनौती प्रस्तुत गर्ने छन् ।

एरिका गुरुङले ६८ केजीमाथि, वर्षा बुढा मगर ५० केजीमुनि, सविना श्रेष्ठले ५५ केजीमुनि र सानुमाया थिङले एकल कातामा प्रतिस्पर्धा गर्ने छन् ।

प्रशिक्षकमा कुशल श्रेष्ठ छन् । तारा गुरुङले निर्णायकको भूमिका निर्वाह गर्ने छिन् । टोलीलाई सफलताको शुभकामना दिँदै राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव टंकलाल घिसिङ र नेपाल राष्ट्रिय तथाअन्तर्राष्ट्रिय खेलाडी संघका अध्यक्ष दीपक श्रेष्ठले आइतबार एक कार्यक्रमबीच बिदाइ गरे ।

# तेक्वान्दो अध्यक्षमा गुरुङ



नेपाल तेक्वान्दो संघको पाँचौ केन्द्रीय अधिवेशन दीपराज गुरुङको अध्यक्षतामा १९ सदस्यीय केन्द्रीय कार्यसमिति आइतबार चयन गरेको छ ।

उपाध्यक्षमा नन्दकुमार राई, दिलबहादुर ओली र भानबहादुर चन्द तथा कोषाध्यक्षमा कासिम मिया धोबी रहेका छन् । कोशिष खड्का, रवि थापा, मदन केसी, नन्दा बस्याल, गुरुप्रसाद गौतम, कुमार लामा घिसिङ, सुमन पराजुली, टिकाप्रसाद लिम्बू, श्रीमान थापा मगर, रामचन्द्र श्रेष्ठ, विजयकुमार न्यौपाने, बब्लु सिवाकोटी, हेमन्त डाँगी र प्रेमबहादुर भण्डारी सदस्यमा चयन भए ।

चितवनमा भएको साधारण सभाको राष्ट्रिय खेलकुद परिषद्का सदस्य जगतसिंह धामीले एक कार्यक्रमबीच उद्घाटन गरेका थिए ।


## साउदी र ओमनमा रोजगार

कम्पनी : FATIMA BIN HUSSEIN BIN IBRAHIM AL-MUSAILEEM TRADING ESTABLISHMENT शहर: Dammam
पूर्व स्वीकृत मितिः २०८२/०६/०८ चलानी नं.: ६०२४५५१२ LT. No.:331516

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker/ Helper | 1 | 0 | स. काममा दक्ष | 2000 | ७५,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : TAL CONTRACTING COMPANY IS A ONE-PERSON COMPANY. शहर: Dammam
पूर्व स्वीकृत मितिः २०८२/०६/०८ चलानी नं.: ६०२४५५१३ LT. No.: 330976

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Equipment Driver. | 2 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ९४,४२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Drilling Worker | 7 | 0 | | 1200 | ४५,३२४ | | | | | | | |

कम्पनी : PERMANENT HOME CONTRACTING EST. शहर: Hail
पूर्व स्वीकृत मितिः २०८२/०६/१० चलानी नं.: ६०२४५५१० LT. No.:331665

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading & Unloading Workers | 7 | 0 | स. काममा दक्ष | 1000 | ३७,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : BROUQ AI MAJD SERVICES शहर: Oman
पूर्व स्वीकृत मितिः २०८२/०६/१० चलानी नं.: ६०२४५५११ LT. No.:331639

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner / Public Building | 5 | 0 | स. काममा दक्ष | 120 | ४४,१५१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज २० गते (6 October 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | क.नं. ३ रु १०,००० अन्य निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

थ्रि ब्रदर्श ह्युमन रिसोर्स प्रा.लि.
श्रम इजाजत पत्र नं. ७१३/०६४/०६५
बत्तिसपुतली-९, काठमाडौं, फोन नं. ०१-४५६५३९४, ९८२३३२३५७७, E-mail: threebrothershrrec@gmail.com

## साउदीमा रोजगार

कम्पनीः JISR COMMERCIAL SERVICES CO. शहर : SAUDI ARABIA
पूर्व स्वीकृत मितिः २०८२/०६/१० चलानी नं.: ६०२४५४८० LT. No.:331828

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labouers | 12 | 0 | स. काममा दक्ष | 1000 | ३७,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज २० गते (6 October 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

देवान कन्सल्ट्यान्ट्स प्रा.लि
Lic No. 841/066/067
बत्तिसपुतली, गौशाला, काठमाडौं, सम्पर्क ०१-४४८२९०१, ४४८२९०२, Mob.: 9801247232, 9801247758, Fax: +977-1-4482904, E.: dewan.consultant841@gmail.com

## बहराइनमा रोजगार

कम्पनीः DELMON EXPRESS FACTORY शहर : BAHRAIN
पूर्व स्वीकृत मितिः २०८२/०६/१० चलानी नं.: ६०२४५४७८ LT. No.: 331757

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office Assistant | 8 | 2 | स. काममा दक्ष | 150 | ५६,३५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनीः MAID CLEAN W.L.L. शहर : BAHRAIN पूर्व स्वीकृत मितिः २०८२/०६/१० चलानी नं.: ६०२४५४७७ LT. No.: 331756

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Supervisor | 1 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ५६,३५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaners | 0 | 12 | | 100 | ३७,७५२ | | | | | | | |

कम्पनीः BUFFYS BEAUTY BAR SALON शहर : BAHRAIN पूर्व स्वीकृत मितिः २०८२/०६/१० चलानी नं.: ६०२४५४७६ LT. No.: 331755

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician | 0 | 5 | स. काममा दक्ष | 150 | ५६,३५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज २० गते (6 October 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

EMINENCE Recruitment International Pvt Ltd
Gov. Lic No.: 1569/079/080
Bhimsengola-31, Prayagmarg, Kathmandu
Tel: 4110036, 4110040, 9849964370, 9709139159, 9707377701, 9841461232
Email: info@eminencenepal.com. Web: www.eminencenepal.com


PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

केन्द्रीय कार्यालय: कमलपोखरी, काठमाण्डौ फोन नं.: ०१-४५२३४३२/३४/३६
शाखा कार्यालय: असन, काठमाण्डौ फोन नं.: ०१-५३२२६७८
शाखा कार्यालय : भरतपुर, चितवन फोन: ०५६-५३३२४०/४१
शाखा कार्यालय: वीरगंज, पर्सा फोन: ०५१-५२४३७०/८०
शाखा कार्यालय : बट्टार, नुवाकोट फोन: ०१०-५६१८०१/२
शाखा कार्यालय : गंजभवानीपुर, बारा फोन: ०५३-४०१०९६/९७
शाखा कार्यालय : बर्दिबास, महोत्तरी फोन: ०४४-५५०४९८

को

## तपसिलका शाखा कार्यालयहरुको तपसिलमा उल्लेखित ऋणीहरुको धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी ७ (सात) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८२/०६/१३ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको तपसिलका शाखा कार्यालयहरुबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणी र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचना विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी यो ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्न पठाईने ब्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

### तपसिल

शाखा कार्यालय: असन, काठमाण्डौ

**ऋणीको विवरण**

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७७/०३/१५ मा प्रा.फ.र.नं. १५४६९४/०७६/७७ कायम भई दर्ता भएको काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. १४ स्थित एस. के. सी. सी. इन्टरनेशनल प्रोप्राइटर: सुधा कुमारी

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. पवन कुमार जाटीयाको बुहारी, अमित जाटीयाको पत्नी, रौतहट जिल्ला, गौर न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको सुधा कुमारी (ना.प्र.नं. ३६०५, रौतहट)
२. सत्यनारायण जाटीयाको नाति, पवन कुमार जाटीयाको छोरा, पर्सा जिल्ला, साबिक वीरगन्ज गा.वि.स./न.पा. वडा नं.७ स्थित स्थायी ठेगाना भएको अमित जाटीया (ना.प्र.नं. १६०३२१६६०, पर्सा)

**धितोमा रहेको सम्पत्तिको विवरण**

१. सुधा कुमारीको नाममा मालपोत कार्यालय लगनखेल, ललितपुरको लगतमा दर्ता श्रेस्ता कायम रहेको ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा. वडा नं ५ (सिट नं.५/ग१) स्थित कित्ता नं. ९८९ को क्षेत्रफल ०-३-२-३.५ (रोपनी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२. अमित जाटियाको नाममा मालपोत कार्यालय कलैया, बाराको लगतमा दर्ता श्रेस्ता कायम रहेको बारा जिल्ला, मटिअर्वा गा.वि.स./न.पा. वडा नं. ५ स्थित कित्ता नं. ९८१ को क्षेत्रफल ०-११-१३-० (विघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
३. अमित जाटियाको नाममा मालपोत कार्यालय चितवनको लगतमा दर्ता श्रेस्ता कायम रहेको चितवन जिल्ला, देवौली गा.वि.स./न.पा. वडा नं. ७ (सिट नं.७/क) स्थित कित्ता नं. २५६, २५८ र ५१७ को क्रमश: क्षेत्रफल ०-३-१२-०, ०-२-३-० र ०-०-५-० (विघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
४. अमित जाटियाको नाममा मालपोत कार्यालय नुवाकोटको लगतमा दर्ता श्रेस्ता कायम रहेको नुवाकोट जिल्ला, मदानपुर गा.वि.स./न.पा. वडा नं. ८ स्थित कित्ता नं. २०७९ को क्षेत्रफल १-८-०-० (रोपनी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
५. अमित जाटियाको नाममा मालपोत कार्यालय बर्दिबास, महोत्तरीको लगतमा दर्ता श्रेस्ता कायम रहेको महोत्तरी जिल्ला, २५ नं. बहादुर गंज्ज गा.वि.स./न.पा. वडा नं. १ स्थित कित्ता नं. ५११, ५१६, ३३६, ५१४, ३३२ र ३३४ को क्रमश: क्षेत्रफल ०-०-१.५-०, ०-०-२.२५-०, ०-०-०.५-०, ०-०-५.२५-०, ०-०-०.५०-० र ०-०-१-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
६. प्राइम कमर्सियल बैंक लिमिटेडको नाममा यातायात व्यवस्था कार्यालय बागमतीमा दर्ता रहेको तपसिल बमोजिमको सवारीसाधन:

| सवारीको मोडल | इन्जिन नं. | च्यासिस नं. | दर्ता नं. |
|---|---|---|---|
| Hyundai Creta 1.5 S Petrol-2021 | G4FLMV143570 | MALPB812LMM150549*C | बागमती प्रदेश-०१ ०२५ च २४६८ |

शाखा कार्यालय: वीरगंज, पर्सा

**१. ऋणीको विवरण**

नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय, वीरगंजमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०६०/०५/१२ मा दर्ता नं. १९२११/०६०/६१, स्थानीय व्यापार कायम भई दर्ता भएको पर्सा जिल्ला, वीरगंज न.पा./उ.म.न.पा. वडा नं. ११ स्थित के.पि. स्वर्णकला केन्द्र प्रोप्राइटर: कन्हैया प्रसाद सोनार

**२. ऋणीको विवरण**

नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग, वाणिज्य कार्यालय, वीरगंज, पर्सामा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७१/११/१० मा दर्ता नं. ३३०१९/०७१/७२, स्थानीय व्यापार कायम भई दर्ता भएको पर्सा जिल्ला, वीरगंज न.पा./उ.म.न.पा. वडा नं. ८ माइस्थान स्थित खुशी स्वर्ण कला केन्द्र प्रोप्राइटर: लक्ष्मी देवी सोनारिन

**३. ऋणीको विवरण**

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौमा कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा १ बमोजिम मिति २०७३/०७/११ मा दर्ता नं. १५७८७५/०७३/०७४ कायम भई दर्ता भएको पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. ११ माइस्थान स्थित सि.बी. ज्वेलरी उद्योग प्रा.लि.

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. बुटाई साह सोनारको नाति, सरदा साह सोनारको छोरा, बारा जिल्ला, गंजभवानीपुर गा.वि.स./न.पा. वडा नं. ६ स्थित स्थायी ठेगाना भइ हाल पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. ८ बस्ने कन्हैया प्रसाद सोनार (ना.प्र.प.नं. १६४९, बारा)
२. सरदा साह सोनारको बुहारी, कन्हैया प्रसाद सोनारको पत्नी, बारा जिल्ला, गंजभवानीपुर गा.वि.स./न.पा. वडा नं. ६ स्थित स्थायी ठेगाना भइ हाल पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. ८ बस्ने लक्ष्मी देवी सोनारीन (ना.प्र.प.नं. १९८४, बारा)

**धितोमा रहेको सम्पतिको विवरण**

लक्ष्मी देवी सोनारीनको नाममा भूमिसुधार तथा मालपोत कार्यालय वीरगंज, पर्साको लगतमा दर्ता श्रेस्ता कायम रहेको पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. ८ स्थित कित्ता नं. २५५, २५६, २५७, २५८, २५९, र २८३ को क्षेत्रफल क्रमश: १२.९५, २१.८३, २९.००, ५.२७, ४५.२२, र १६.९३ (व.मि.) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

नोट: माथि उल्लेखित शाखा कार्यालय वीरगंज, पर्साको सम्पूर्ण ऋणीहरुका लागि व्यक्तिगत जमानतकर्ताहरु तथा धितोमा रहेको सम्पत्तिको विवरण एकै भएको ।

### धितो लिलामी बिक्रीका शर्तहरु :

१. बोलपत्र आवेदन फारम मिति २०८२/०६/१३ गते सोमबारदेखि यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालयहरु असन, काठमाण्डौ, भरतपुर, चितवन, बट्टार, नुवाकोट, गंजभवानीपुर, बारा, बर्दिबास, महोत्तरी र वीरगंज, पर्साबाट प्राप्त गर्न सकिनेछ।
२. छुट्टाछुट्टै धितोको लागि छुट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ ।
३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको **Inter Department A/C LRD** (००१-९९३१०२००००) खातामा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको **A/C Payee Cheque** संलग्न गर्नुपर्नेछ ।
४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर **(PAN)** प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।
५. शिलबन्दी बोलपत्र मिति २०८२/०६/१९ गते आइतबार कार्यालय समय भित्र शाखा कार्यालय असन, काठमाण्डौको धितोमा रहेको सम्पत्तिको विवरण नं. १ र ६ को हकमा यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभागमा, धितोको विवरण नं. २ को हकमा शाखा कार्यालय गंजभानीपुर, बारामा, धितोको विवरण नं. ३ को हकमा शाखा कार्यालय भरतपुर, चितवनमा, धितोको विवरण नं. ४ को हकमा शाखा कार्यालय बट्टार, नुवाकोटमा, धितोको विवरण नं. ५ को हकमा शाखा कार्यालय बर्दिबास, महोत्तरीमा तथा अन्य सम्पूर्ण धितोको हकमा सम्बन्धित शाखा कार्यालयमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन ।
६. शिलबन्दी बोलपत्र मिति २०८२/०६/२० गते सोमबार दिउँसो ४:०० बजे शर्त नं. ५ मा उल्लेख भए अनुसारको शिलबन्दी बोलपत्र दर्ता भएको यस बैंकको सम्बन्धित कार्यालयहरुमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरूको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगत्तै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।
७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पत्ति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पत्ति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च र लाग्ने भए लाभकर समेत सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ ।
८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वत: जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको सम्बन्धित कार्यालयहरुबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।
९. धितो सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा छुट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।
१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालयहरु असन, काठमाण्डौ, भरतपुर, चितवन, बट्टार, नुवाकोट, गंजभवानीपुर, बारा, बर्दिबास, महोत्तरी र वीरगंज, पर्सामा सम्पर्क राखी बुझ्न सकिनेछ ।

# चार्जिङ स्टेसनमार्फत युवालाई रोजगारी : ऊर्जामन्त्री घिसिङ

**काठमाडौं/मस–** ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकासमन्त्री कुलमान घिसिङले विद्युतीय चार्जिङ स्टेसनमार्फत युवालाई रोजगारी सिर्जना गर्न सकिने बताएका छन् ।

विद्युतीय चार्जिङ स्टसेनमा गाडी चार्ज गर्न केही समय लाग्ने भएकाले यात्रुलाई लक्षित गरी त्यस वरपर होटल, रेस्टुरेन्ट, कफीसप खोल्न सकिने र त्यसबाट रोजगारी सिर्जन हुने मन्त्री घिसिङले उल्लेख गरे ।

चेन्ज डिजिटलले काठमाडौंको सामाखुसीलगायतका देशका विभिन्न ठाउँमा सञ्चालनमा ल्याएको चार्चिङ स्टेसनको आइतबार उद्घाटन गर्दै मन्त्री घिसिङले प्रदूषण नियन्त्रण र नेपाललाई हरित अर्थतन्त्रतर्फ लैजान इन्धनबाट चल्ने सवारीसाधनलाई विद्युतीयमा रूपान्तरण आवश्यक रहेको बताए ।



चार्जिङ स्टेसन व्यवसाय गर्न लगानीको राम्रो क्षेत्र भएकाले यसबाट मुलुकको अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्ने उल्लेख गर्दै घिसिङले नेपालमा उत्पादित जलविद्युत् खपतका लागि घरायसी, उद्योग, कलकारखानालगायतका सबै क्षेत्रमा उपभोग बढाएर पेट्रोलियम पदार्थको आयातलाई घटाउन सकिने बताए । यसबाट आयात घट्दा मुलुकको विदेशी मुद्रा सञ्चितिमा सकारात्मक प्रभाव परी अर्थतन्त्रमा ठुलो योगदान पुग्ने उनले थपे ।

सरकारले विभिन्न नीति तथा योजनामार्फत विद्युतीय सवारीसाधनको प्रयोगलाई प्राथमिकतामा राख्दै आएको छ । सन् २०३० सम्ममा कुल निजी सवारीसाधनको ९० प्रतिशत र सार्वजनिक सवारीसाधनको ७० प्रतिशत विद्युतीय सवारी पुर्‍याउने लक्ष्य राखिएको छ ।

सन् २०३५ मा यो प्रतिशत वृद्धि गरी क्रमश : ९५ र ९० प्रतिशत पुर्‍याउने लक्ष्य छ । विद्युतीय सवारीसाधनको प्रयोगलाई प्रोत्साहन गर्न नेपाल विद्युत् प्राधिकरणले देशका विभिन्न ठाउँमा ६२ वटा चार्जिङ स्टेसन स्थापना गरेको छ । निजी क्षेत्रका करिब ८ सयवटा चार्जिङ स्टेसन सञ्चालित छन् । वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्रले केन्द्रीय नवीकरणीय ऊर्जा कोषअन्तर्गत भायबिलिटी ग्याप फन्डिङ सहयोगमा आधारित दिगो ऊर्जा च्यालेन्ज फन्डमार्फत चार्जिङ स्टेसन स्थापनाका लागि सहयोग गर्दै आएको छ । केन्द्रबाट १८ वटा कम्पनीसँग ४५ वटा आयोजनामार्फत १ सय २४ स्थानमा चार्जिङ स्टेसन निर्माणमा सहयोग गरिएको छ ।

# अर्थमन्त्री खनाल र जापानका राजदूतबीच भेट

**काठमाडौं/मस–** अर्थमन्त्री रामेश्वरप्रसाद खनाल र नेपालका लागि जापानका राजदूत मायदा तोरुबीच शिष्टाचार भेट भएको छ । आइतबार मन्त्रालयमा भएको भेटमा नेपालको हालको परिवर्तित अवस्था, नेपाल-जापानबीचको ऐतिहासिक सम्बन्ध र जापानले नेपालको आर्थिक सामाजिक विकासमा पुर्‍याइरहेको सहयोगका विषयमा छलफल भएको हो ।



छलफलमा अर्थमन्त्री खनालले विशिष्ट परिस्थतिमा गठन भएको वर्तमान सरकारको मुख्य कार्य तोकिएको समयमा निर्वाचन सम्पन्न गर्नुरहेको र यस अवधिमा पुनर्निर्माणलगायत आर्थिक सामाजिक विकासका कार्यहरूलाई निरन्तरता दिइने बताए ।

यस्तै, निर्माणाधीन नागढुंगा टनेल मार्ग परियोजना, तनहुँ जलविद्युत् आयोजनालगायतका सहयोगका क्षेत्र र निकट भविष्यमा सम्झौता हुन गइरहेको कोटेश्वर चोक सुधार परियोजना, सिन्धुली सडक बाढी प्रभावित आपतकालीन पुनर्स्थापना कार्यक्रमसमेतका विविध विषयमा छलफल भएको अर्थ मन्त्रालयको सचिवालयले जनाएको छ । त्यस अवसरमा अर्थ सचिव घनश्याम उपाध्याय र वैदेशिक सहायता समन्वय महाशाखाका सहसचिव धनिराम शर्माको समेत उपस्थिति रहेको थियो ।

# हिमाली च्यांग्रा पहाड र तराईका मुख्य बजारमा



**बागलुङ/मस–** दसैं नजिकिएसँगै हिमाली क्षेत्रबाट व्यापारीले धमाधम च्यांग्रा बजार झारिरहेका छन् । १० दिन अगाडिबाटै व्यापारीले मुस्ताङ र डोल्पाका उच्च क्षेत्रबाट म्याग्दी, बागलुङ, पर्वत, पोखरा हुँदै चितवन र बुटवलसम्म पुर्‍याउने गरेका छन् ।

मुस्ताङका किसानले उत्पादन गरेको च्यांग्रा सहरी क्षेत्र व्यापारीले खरिद गरी बजार पुर्‍याउने गरेका छन् । यतिबेला सडक छेउछाउमा बाक्लै च्यांग्राका बथान भेटिन्छन् । सडकमै ग्राहक पुगेर खरिद गर्ने गरेका छन् ।

हिमाली क्षेत्रमा हुर्किएका च्यांग्रा अन्यको तुलनामा स्वादिष्ट र औषधीय गुण हुने हुँदा धेरैको रोजाइमा पर्ने गरेको छ । मुस्ताङ र डोल्पामा खरिद गरेका ल्याएका च्यांग्राको मूल्य चितवन र बुटवलसम्म पुर्‍याउँदा बढी हुने गरेको व्यापारी बताउँछन् । व्यापारीले काठमाडौं, पोखरा, चितवन र बुटवलसम्म ट्रकमार्फत ढुवानी गर्ने मुस्ताङका च्यांग्रा पालक किसान नामदेव गुरुङले बताए । तीन दिन हिँडेर बागलुङ आइपुगेका गुरुङले पोखरासम्म पुगेर फर्किने बताए । ३ सय च्याङग्रा लिएर आएका गुरुङले बागलुङको मालढुंगा आइपुग्दा ७० वटा बिक्री भएको सुनाए । आफूहरूले उत्पादन गरेको च्यांग्रा खरिदका लागि पोखरा र काठमाडौंबाट व्यापारी गोठमै पुगेर खरिद गर्ने उनको भनाइ छ । हिमाली गोठबाट खरिद गरेको च्यांग्रा तराईसम्म पुग्ने गरेको गुरुङ बताउँछन् ।

'भदौ महिनामै व्यापारी गोठमा पुगेर खरिद गर्छन्, कतिले त अघिल्लो वर्ष नै बैना दिएर आएका हुन्छन्, उनीहरूले गोठमा सस्तोमै पाउँछन्, बजार पुर्‍याउँदा महँगो पर्छ किनकि गाडीमा ढुवानी गरेर भाडा तिर्नुपर्छ, बाटोमा हिडाउँदै लिए पनि खर्च धेरै हुन्छ,' उनले भने, 'सहरबजारका मान्छेले हिमाली च्यांग्रा खुब मन पराउँदा रैछन्, दसैंमा त ठुलो संख्यामा च्यांग्रा बिक्री हुन्छ, पाल्न सके त राम्रो आम्दानी गर्न सकिन्छ, तर धेरै दुःख छ ।'

च्यांग्राले हिमाली क्षेत्रमा जडीबुटीयुक्त घाँस खाने हुँदा धेरैले महँगो रकम तिरेर किन्ने गर्छन् । पाँच वर्ष पुगेका च्यांग्रा मासुका लागि राम्रो मानिने डोल्पाका किसान थमसिंह बुढाले बताए । सत्र दिनको यात्रा गरेर बागलुङ आइपुगेको बताउने बुढाले आफ्नो मुख्य आम्दानीको स्रोत च्यांग्रा व्यापार भएको बताए ।

च्याङग्रा व्यापारबाट नौ जनाको परिवार चलाएको उनको भनाइ छ । च्यांग्रा हिउँ बढी हुने क्षेत्रमा पालन हुने भन्दै हिउँचितुवा र ब्वाँसोबाट जोगाउन मुस्किल हुने बुढा बताउँछन् ।

आफूले आठ वर्षदेखि निरन्तर दसैंमा च्यांग्रा लिएर बजार झर्ने गरेको सुनाउँदै बर्सेनि मूल्य बढ्दै गएको उनको भनाइ छ । आफूले सुरुमा १२ हजार रुपैयाँदेखि बिक्री गर्न सुरु गरेको भन्दै अहिले च्यांग्राको मूल्य करिब ५० हजार रुपैयाँसम्म पुगेको बुढामगरले बताए । चितवन र बुटवलसम्म पुग्दा मूल्य अझै बढी हुने उनी बताउँछन् ।

उनले भने, 'जति टाढा पुर्‍याइन्छ, च्यांग्राको मूल्य बढ्नु स्वाभाविक हो, ट्रकमा ढुवानी गर्दा भाडा तिर्नुपर्छ, हिँडाउँदै लैजाँदा पनि गाह्रो हुन्छ, अघिल्लो वर्ष बुटवल पुगेको थिएँ, यसपालि पोखराबाट फर्किने योजना छ, हरके वर्ष मूल्य बढेको बढ्यै छ, बाहिरी व्यापारीले गर्दा मूल्य बढेको हो, गोठालाले नै ल्याउने हो भने त्यति धेरै पर्ने थिएन ।'

मुस्ताङसहित डोल्पा, मुगु र जुम्लाबाट मुस्ताङको घाँसा हुँदै बेनी(जोमसोम कोरला सडकमार्ग देशका ठुला सहरमा च्यांग्रा भित्रिने गरेका छन् । तिब्बतबाट समेत भेडा च्यांग्रा भित्रिने गरेका छन् । दसैंको खर्च जोहो गर्न यो सिजनमा बजार झरेको च्यांग्रा व्यापारी मोहन लामाले बताए । आफूले १५ वर्षदेखि चितवन, पोखरा र काठमाडौंमा च्यांग्रा व्यापार गर्दै आएको सुनाए ।
















प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादक: **मदनकुमार श्रेष्ठ** सम्पादक: **जनक नेपाल**